# लेखापरीक्षण प्रतिवेदन
# कालीकोट
## २०७२।७३




## महालेखापरीक्षकको कार्यालय
## काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| १ | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २ | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३ | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| | ३.१ जिल्लाविकास समितिको कार्यालय | ३ |
| | ३.२ जिल्ला शिक्षा कार्यालय | १२ |
| | ३.३ जिल्ला कृषि विकास कार्यालय | १७ |
| | ३.४ जिल्ला स्वास्थ्य कार्यालय | २१ |
| | ३.५ खानेपानी तथा सरसफाई सवडिभिजन | २४ |
| | ३.६ जिल्ला पशु सेवा कार्यालय | २६ |
| | ३.७ महिला तथा बालवालिका कार्यालय | २८ |
| | ३.८ जिल्ला बन कार्यालय | २९ |
| | ३.९ अस्पताल विकास समिति | ३० |
| | ३.१० पश्चिम उच्चपहाडी गरिबी निवारण आयोजना | ३० |
| ४ | आन्तरिक लेखापरीक्षण | ३१ |
| अनुसूची १ : लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | | ३२ |
| अनुसूची २ : बेरुजूको स्थिति | | ३३ |
| अनुसूची ३ : जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण | | ३४ |
| अनुसूची ४ : जिम्मेवार पदाधिकारीको नामावली | | ३५ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ । लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ । संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रबर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

४. **पद्धति** : संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ ।

| | |
|---|---|
| ● सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>● वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>● महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>● संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>● गुणस्तर आश्वस्तता निर्देशिका,<br>● आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>● राजस्व लेखापरीक्षण मार्गदर्शन, | ● सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>● प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>● जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>● जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>● लेखापरीक्षकको आचारसंहिता,<br>● सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम १५ कार्यलयको विस्तृत र १४ कार्यालयको संक्षिप्त कार्यविधिको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ ।

## लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षणः** यस जिल्ला स्थित २९ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.२ अर्ब ८२ करोड ४३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ।

२. **बेरुजूः** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ।

यस वर्ष १० कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल दफा २८३ र रु.४७ करोड २५ लाख ४१ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो। प्रतिवेदन अबधिसम्म १० कार्यालयको प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन भएका १७१ दफा र रु.१ करोड २९ लाख ९१ हजार मिलान गरी १० कार्यालयको दफा ११२ र रु.४५ करोड ९५ लाख ४९ हजार बेरुजू बाँकी रहेको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन गरी बाँकी दफा संख्या कायम गरिएको छ। लेखापरीक्षणको क्रममा रु.६ लाख ५६ हजार र प्रतिक्रियाबाट रु.५२ लाख ९१ हजार समेत रु.५९ लाख ४७ हजार असुल भएको छ।

बाँकी बेरुजू मध्ये असुलउपर गर्नुपर्ने रु.५१ लाख ८६ हजार, अनियमित रु.३१ करोड ९१ लाख ९९ हजार र पेश्की रु.१३ करोड ५८ लाख ६५ हजार रहेको छ। यस सम्वन्धि विवरण अनुसूची २ मा उल्लेख छ।

३. **सुझावः** तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो। प्राप्त अख्तियारी बमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ। बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ४ मा दिइएको छ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १०० (३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनु पर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानिनोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ। तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाही सहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा
## जिल्ला विकास समितिको कार्यालय

१. **बैक मौज्दात :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) अनुसार जिल्ला विकास समितिको कार्यालयले आफ्नो आम्दानी मध्ये खर्च नभएको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले आर्थिक वर्षको अन्त्यमा स्रेस्ता अनुसार रु.४६ लाख ८६ हजार बैंक मौज्दात रहेकोमा बैंक विवरण अनुसार रु.७ करोड ४३ लाख ६७ हजार देखिएकोले रु.६ करोड ९६ लाख ८१ हजार बढी देखाएको छ । यसरी बैंक मौज्दात बढी भएकोमा बैंक समायोजन हिसाब तयार नगरेकोले मौज्दात रकम यकिन हुन सकेन ।

१.१. कार्यालयले को.ले.नि.का.बाट निकासा ल्याई रा.बा.बैंक मान्मस्थित हि.नं.१४०४ (नन अपरेटिभ खाता) मा जम्मा गर्ने र उक्त खाताबाट च.हि.नं.११०१ मा ट्रान्सफर गरी सो खाताबाट खर्च गर्ने गरेको पाइएको छ । तर बैंक स्टेटमेन्ट अनुसार च.हि.नं.११०१ बाहेक अन्य ५ खातामा रु.३,२२,०२,८८२।- ट्रान्सफर गरेको छ। उक्त रकम के कुन कार्यमा खर्च भएको हो सोको हिसाव लेखापरीक्षणमा पेश नहुनुको साथै ती खाताको बैंक स्टेटमेन्ट समेत पेश गरेको छैन ।

१.२. च.हि.नं.११०१ मा २०७२।७३ को अवधिमा बैंक स्टेटमेन्ट अनुसार रु.६,५४,३९६।- नगद जम्मा हुन आएको मध्ये रु.५०५०६९।- के वापत प्राप्त भएको हो यकिन गरी हिसाव मिलान गर्नुपर्दछ ।

२. श्रेस्ता अनुसार धरौटीतर्फ गत बर्षको मौज्दात रु.४५,४०,१६९।- यो बर्षको आय रु.१४,८८,०८९।- समेत कुल आय रु.६०,२८,२५८।- मा फिर्ता खर्च रु.२६,४९,४४२।- घटाउंदा रु.३३,७८,८१६।- मौज्दात रहनुपर्नेमा रु.२७,०३,३५७।- मात्र मौज्दात देखाएकोले घटी मौज्दात रु.६,७५,४५८।- सम्बन्धमा यकिन गर्नुपर्दछ । बैंक मौज्दात बढी देखिएको सम्बन्धमा बैंक हिसाव मिलान विवरण तयार गरी टुंगो लगाउनुपर्दछ ।

३. **आन्तरिक लेखापरीक्षण :**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५८(ञ) अनुसार गठित आन्तरिक लेखापरीक्षण शाखाले जिल्ला विकास समिति र गाउं विकास समितिको आन्तरिक लेखापरीक्षण मासिकरुपमा गर्ने व्यवस्था छ । सो शाखाले कार्यालयको कारोबारको नियमितरुपमा आन्तरिक लेखापरीक्षण नगरी वर्षको अन्त्यमा मात्र गर्ने गरेको छ । कार्यालय अन्तर्गतका विषयगत कार्यालय र गाउं विकास समितिको पनि मासिकरुपमा लेखापरीक्षण गरेको छैन । जि.वि.स.कोष लगायत अन्य कोषहरुको समेत आन्तरिक लेखापरीक्षण गरेको छैन । तोकिएअनुसार आन्तरिक लेखापरीक्षण नियमित रुपमा गराउनु पर्दछ ।

४. **श्रेस्ता अनुगमन :** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को ५१ मा वित्तीय सुशासन जोखिम न्यूनीकरण सम्बन्धी व्यवस्था गरेको छ । उक्त बुंदामा अन्य कुराहरुको अतिरिक्त उपभोक्ता समितिबाट सञ्चालित कार्यक्रमको लेखा दुरुस्त राखे नराखेको सम्बन्धमा अनुगमन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष सो अनुसार उपभोक्ता समितिले लेखा दुरुस्त राखे नराखेको सम्वन्धमा अनुगमन गरेको छैन ।

५. **बेरुजू लगत र सम्परीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५८(ज) मा गाउं विकास समितिको बेरुजू लगत समय समयमा निरीक्षण गरी नियमावली अनुसार फछ्र्यौट भएको बेरुजूको सम्परीक्षण गरी दिने र असुलउपर गर्न बांकी बेरुजू सम्बन्धमा असुल

उपर गर्न लगाउने उल्लेख छ । कार्यालयको आन्तरिक लेखापरीक्षण शाखाले गाउँ विकास समितिहरुको २०७१।७२ सम्मको अन्तिम लेखापरीक्षण प्रतिवेदन अनुगमन गरी सम्परीक्षण गरेको छैन । खर्चलाई नियमितता र पारदर्शीता बनाउन समयमै सम्परीक्षण गर्न लगाउनुपर्दछ ।

६. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक छ । कार्यालयको आन्तरिक नियन्त्रणतर्फ कार्यालयले सार्वजनिक खरिद ऐन, २०६३ अनुसार खरिद विधि, छनौट, समय, प्रक्रिया, स्पेशिफिकेशन र लागत गणना गरी योजना तयार नगरेको, समग्रमा कार्यालयमा रहेको सम्पूर्ण जिन्सी सामानको मूल्य खुलाई अभिलेख व्यवस्थित नगरेको, जिन्सी निरीक्षण फारम अनुसार मर्मत गर्नुपर्ने र पुनः प्रयोगमा आउन नसक्ने भनि लिलाम गर्नुपर्ने उल्लेख भएकोमा सोको कार्यान्वयन नभएको, कार्यालयले वर्षभरिमा सम्पादन गर्नेगरी कार्यक्रममा रहेका र आईपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, पेश्की दिंदा के कुन कार्यक्रमको लागि के कति आवश्यकपर्ने हो स्पष्ट नखुलाएको तथा काम समाप्त भएपछि सात दिन भित्र फछ्र्यौटको लागि खर्चको तेरिज सहित फांटवारी पेश गर्ने नगरेको, सवारीसाधन मर्मत खर्चको अभिलेख राख्नुपर्नेमा नराखेको, खर्चको बिल भरपाईमा भुक्तानी भएको छाप लगाई प्रमाणित गरिराख्नुपर्नेमा नगरेको, कार्यक्रमगत खर्च खाता राखी खर्चलाई नियन्त्रित र व्यबस्थित गर्नुपर्नेमा नगरेको, रु. पाँच हजार रुपैयाँ भन्दा बढी मूल्य अभिबृद्धि कर लाग्ने मालसामान खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्नेमा बिभिन्न प्रकारका तालिमहरु जिल्लास्तर, ईलाकास्तर, समुदायस्तरमा संचालन हुने तालिम कहिले कहां संचालन गरिने हो सो तालिममा सहभागीहरुको संख्या, तालिम संयोजक, सहसंयोजक तोकि व्यवस्थितरुपमा संचालन गर्ने नगरेको, आर्थिक कारोबारको संक्षिप्त बार्षिक प्रतिवेदन तयार नगरेको, आर्थिक विवरण, खर्चको फांटवारी,पेश्की वांकीको विवरण आदिको ढांचा परिवर्तन गरेकोमा कार्यालयले पुरानै ढाँचामा वित्तीय प्रतिवेदन तयार गरेको, खरिद प्रकृया तथा प्रयोग कर्ताबाट माग संकलन नगरेको, चालु बषंको लागि सामान खरिद गनं वार्षिक खरिद योजना तयार नगरेको जस्ता व्यहोरा रहेका छन् । यसमा सुधार गर्नुपर्दछ ।

७. **लागत अनुमान** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने उल्लेख गरिएको छ । कार्यालय संचालनको लागि आवश्यकपर्ने छपाई मसलन्द, फर्निचर, कम्प्युटर उपकरण आदि खरिद गर्दा लागत अनुमान तयार गरेको छैन । लागत अनुमान वेगर सामान खरिद गरेको कारण कार्यालयले खर्च गर्दा मितव्ययिता अपनाएको छ भन्नेअवस्था छैन ।

## जिल्लाविकास कोष

८. **अनुदान खर्च** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९को नियम ५४ अनुसार आर्थिक अनुशासन कायम राख्न गाउं विकास समिति मा निकासा हुने रकमको नियमित अनुगमन गरी समितिको कार्यक्रम, बजेट, वित्तीय र भौतिक प्रगति प्रतिवदन तथा लेखापरीक्षण प्रतिवेदन लिनुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न कार्यक्रम सञ्चालनको लागि सशर्त अनुदान स्वरुप ३० वटा गाउं विकास समितिको खातामा रु.६,४३,३४,०००।- सारेको छ । अनुदान दिएको रकमको अनुगमन प्रतिवेदन र भौतिक प्रगति प्रतिवदन तथा लेखापरीक्षण प्रतिवेदन प्राप्त नगरेकोले उक्त खर्च र उपलब्धिको सम्बन्धमा आश्वस्त हुने अवस्था छैन ।

९. **सीमा नघाई खर्च गरेको** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ आन्तरिक आय रु.४७,६८,२००।- को ४० प्रतिशतले हुने रु.१९,०७,२८०।- सम्म प्रशासनिक कामको लागि खर्च गर्न सकिनेमा रु.४०,९६,०१९।– खर्च गरेकोले तोकिएको सीमाभन्दा रु.२१,८८,७३९।- बढी खर्च गरेकोले नियमको पालना गरेको छैन । कानूनले निर्धारण गरेको सीमा भित्र रही खर्च गर्नुपर्दछ ।

१०. **राजस्व बांडफांड :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २११(अनुसूचि २६) मा राजस्व बांडफांड वापत जिल्ला विकास समितिलाई प्राप्त हुने रकम प्रशासनिक कार्यमा खर्च गर्न नपाइने व्यवस्था छ । यो बर्ष राजस्व बांडफांड वापत प्राप्त रु.१५,८२,०००।- पूरै प्रशासनिक कार्यमा खर्च गरेको छ । पूंजीगत कार्यमा खर्च गर्नुपर्ने रकम प्रशासनिक कार्यमा खर्च गरेको नियम सम्मत छैन ।

११. **आर्थिक सहायता :** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को नियम १३(४) मा स्थानीय निकायमा निर्वाचित प्रतिनिधि बहाली नभएसम्म वा अर्को व्यवस्था नभएसम्म जिल्ला विकास समितिको सचिवले स्थानीय निकायको चालु तथा पूंजीगत रकमबाट कुनै पनि प्रकारको आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न नपाउने व्यवस्था छ । कार्यालयले आन्तरिक खर्च शीर्षक तथा अन्य शीर्षकबाट रु.१,०२,८००।- आर्थिक सहायता दिएको छ । आर्थिक सहायता दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१२. **खर्चको फांटवारी :** जिल्ला परिषद्‌बाट आन्तरिक आयतर्फको बजेटबाट खर्च हुने रकमको लागि खर्च संकेत नंवर अनुसार बजेट बांडफांड गरे तापनि सो अनुसार खर्चको वर्गीकरण गरी खर्चको फांटवारी नराखेकोले स्वीकृत भन्दा खर्च शीर्षकगत रुपमा घटी/बढी खर्च गरेको सम्बन्धमा यकिन गर्ने स्थिति छैन ।

१३. **झोलुङ्गेपुल निर्माणतर्फः**

१३.१. **असुल** : वीमा गरेको भनी एनएलजी इन्स्यूरेन्स कम्पनी लि.लाई रु.१,४२,९२०।- भुक्तानी दिएकोमा पोलिसी नं. SKT/56GO/98/GPA11/00159 र 160गरी दुई वटा पोलिसीको रु.९,३४९।- को विल मात्र संलग्न रहेकोले विलभन्दा वढी खर्च लेखिएको रु.१,३३,५७१।- असुल हुनुपर्दछ ।

१३.२. लुभ्रीखोला झो.पु.को लागि तारजाली खरिद गर्न एक उद्योगलाई रु.२,७८,४५३।- भुक्तानी दिएकोमा खरिद विल, तारजाली दाखिला र प्रयोग सम्वन्धी प्रमाण पेश नभएकाले उक्त कागजात पेशहुनुपर्ने अन्यथा असुल गर्नुपर्दछ ।

१३.३. लडेखोला झो.पु.को लागि सिमेन्ट खरिद गर्न एक कर्मचारीलाई रु.३,००,०००।- पेश्की दिई निर्माण कार्य सम्पन्न गरेको देखियो । उपभोक्तालाई पेश्की दिईएकोमा काम नगरेको भनी कर्मचारीलाई पेश्की दिई काम सम्पन्न गरेकोमा उपभोक्तालाई गत वर्ष दिएको पेश्की रु. ११,३०,३९४।- मध्ये कार्यसम्पन्न भै नापजांच गर्दा रु.१,२८,५०६।- उपभोक्ताले नगद फिर्ता गर्नुपर्ने देखिएकोले उक्त रकम उपभोक्ता समितिवाट असुल गर्नुपर्दछ ।

१३.४. विभिन्न ५ झो.पु.को स्टिल पार्ट्स खरिद गरी जुनकिरी इण्डष्ट्रिज प्रा.लि. वुटवललाई रु. ४२,२१,२३३।- भुक्तानी गरेकोमा उक्त पार्ट्सहरु जडान भएको छैन । जिन्सी दाखिला भएको पनि देखिएन । उपभोक्तालाई हस्तान्तरण गरेको पनि नपाइएकोले ति सामान को कस्को जिम्मा रहेको छ यकिन गर्नुपर्दछ ।

१३.५. हुरेन्डेक भन्ने गैर सरकारी संस्थासंग भएको संझौतामा झो.पु.को सर्भे, डिजाईन गर्न पेश्की दिने उल्लेख छ । १० वटा झो.पु.को सर्भे, डिजाईन गर्न रु. ३,००,०००।- भुक्तानी दिइएकोमा पेश्की कायम नगरी सिधै खर्च लेखिएकोले पेश्की कायम गर्नुपर्दछ ।

१३.६. तारजाली खरिद गरी जुनकिरी इण्डष्ट्रिज वुटवललाई रु.९७,१९५।- भुक्तानी दिएकोमा उक्त तारजाली जिन्सी दाखिला भएको छैन भने साइटमा प्रयोग भएको नापी किताव समेत पेश नभएकोले नापी किताब सहित कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।

१३.७. नाक्चा दोभान झो.पु.को लागि प्रथम रनिङ्ग विलको रकम रु.९,३४,९५०।- मध्ये पेश्की रु. ३,००,०००।- कट्टा गरी रु.६,३४,९५०।- भुक्तानी गरेकोमा उक्त खर्च वैंक नगदी किताबमा प्रविष्ट नगरेकोले आर्थिक विवरणमा समावेश भएको छैन । उक्त रकम कुन बैंक खाताबाट भुक्तानी भएको हो यकिन गरी विवरण पेश गर्नुपर्दछ ।

१४. **ग्रामिण सामुदायिक पूर्वाधार विकास कार्यक्रम** : यस वजेट उपशीर्षकमा कुल खर्च देखिएको रु.१,८८,८०,०००।- मध्ये वस्तुगत अनुदान स्वरुप विश्व खाद्य कार्यक्रमवाट प्राप्त १५२ मे.टन चामलको मुल्य रु.९८,८०,०००।- रहेको पाईयो । उक्त चामल प्राप्ती र खर्चको फांटवारी लेखापरीक्षणमा पेश नभएकाले चामल खर्च सम्वन्धमा यकिन हुने अवस्था छैन ।

१४.१. यो वर्ष ४ वटा गाविस अन्तर्गत ८ वटा योजना छनौट गरी कार्यान्वयन गरेको देखियो । ती मध्ये ५ वटा सडक योजना, २ वटा सिचाई कुलो र १ वटा पहिरो नियन्त्रण योजना रहेको छ । योजनागत रुपमा भएको बित्तीय र भौतिक प्रगतिको अद्यावधिक अभिलेख राख्नुपर्नेमा राखेको छैन ।

१४.२. यो वर्ष काम भएका योजनाको लागत अनुमान रु.१ करोड ८७ लाख ७० हजार रहेको देखियो । उक्त लागत अनुमानमा निर्माण औजार टुल्स समावेश भएको छैन । निर्माण सामग्री खरिद गरी उपभोक्तालाई दिने व्यवस्था अनुसार यो वर्ष रु.२५,६४,६०६।- मूल्यका निर्माण औजार (गल, गैचीं, सावेल, घन आदि) खरिद गरी उपभोक्तालाई हस्तान्तरण गरेको छ । सार्वजनिक निर्माण कार्यको नर्म्स अनुसार लागत अनुमानमा ३ प्रतिशत टुल्स खर्च समावेश गर्न मिल्ने देखिन्छ । सो अनुसार लागत अनुमानको ३ प्रतिशतले हुने रु.५,६३,१००।- मूल्यको मात्र टुल्स खरिद गर्न सकिनेमा रु.२५,६४,६०६।- को खरिद गरेको छ । त्यस्ता सामग्रीहरु प्रत्येक वर्ष खरिद गर्ने गरेकोमा उपभोक्ताले गर्ने कामको परिमाण अनुसार नर्म्स अनुसार समावेश गर्न मिल्ने रकम सम्मको टुल्स खरिद गरी लगत राखी मात्र त्यस्ता सामान दिने व्यवस्था मिलाउनुपर्ने देखिएको छ ।

१५. कर्णाली रोजगार कार्यक्रम अन्तर्गत यो वर्ष ७ वटा गाविसमा २/२ वटा र २३ वटा गाविसमा १/१ वटा गरी ३७ वटा योजनामा कार्यक्रम संचालन गर्न रु.८,२५,००,०००।- अख्तियारी प्राप्त मध्ये रु. ७,१७,४४,६०४।- खर्च गरेको छ । यस सम्वन्धमा निम्न ब्यहोरा देखियो ।

१५.१. कर्णाली रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७१ मा अन्य कार्यक्रमवाट संचालन भएको योजनासंग दोहोरो हुन नहुने व्यवस्था छ । यस कार्यक्रमवाट ३० वटै गाविसमा योजना संचालन भएको, जिविस मातहतमा नै DRILP-AF वाट भर्ता गाविसमा सडक निर्माण कार्य रहेको, RCIW कार्यक्रमवाट ४ गाविसमा सडक निर्माण कार्यक्रम रहेको र RAP-3 कार्यक्रमवाट समेत सडक निर्माण कार्यक्रम रहेको छ । कर्णाली रोजगार कार्यक्रमवाट संचालित योजना र अन्य कार्यक्रमवाट संचालित योजना वीच दोहोरो नरहेको सुनिश्चित गर्ने अभिलेख राख्नुपर्नेमा राखेको छैन ।

१५.२. यो वर्ष संचालित सवै योजनाहरुको लागि उपभोक्तासंग २०७३ जेष्ठमा सम्झौता भएको र आषाढ सम्म काम गराएको देखिएको छ । सवै उपभोक्ताले वढीमा एक महिना मात्र रोजगार पाएको र

रु.६,५२,९७,८३९।- भुक्तानी भएको देखिएको छ । सो रकमवाट कति जनसंख्या लाभान्वित भएको छ सो विवरण राखेको छैन ।

१५.३. कर्णाली रोजगार कार्यक्रमको लागि केन्द्रवाट छुट्टाइएको रकमको आधारमा जिविसले आफ्नो वजेटवाट १ प्रतिशत अनिवार्यरुपमा समपूरक कोषमा छुट्टाउनुपर्ने ब्यवस्था छ । सो अनुसार यो वर्ष अख्तियारी प्राप्त रु.८,२५,००,०००।- को १ प्रतिशतले हुने रु.८,२५,०००।- जिविस श्रोतवाट छुट्टाउनुपर्नेमा सो गरेको छैन ।

१५.४. यो वर्ष खर्च गरेको रु.७,१७,४४,६०४।- मध्ये उपभोक्ता समितिलाई भुक्तानी रु.६,५२,९७,८३९।, सर्भे खर्च रु.६,२७,५००।-, कन्टिन्जेन्सी रु.५५,१९,२६५।- र उपभोक्ता तालिम खर्च रु.३,००,०००। रहेको छ । कार्यक्रम संचालन निर्देशिका, २०७१ अनुसार आयोजनाको कुल लागतको पांच प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने ब्यवस्था छ । यो वर्ष संचालित ३७ योजनाको लागत अनुमान रु.८,१६,००,०००।- को पांच प्रतिशतले हुने रु.४०,८०,०००।- सम्म कन्टिन्जेन्सी खर्च लेख्न मिल्नेमा रु.५५,१९,२६५।- खर्च लेखेको छ । कन्टिन्जेन्सी खर्च मध्ये निर्माण सामग्री औजार (गल, घन, गैची, वेल्चा आदी) खरिद गरी रु. २,०५,३१,७११।-, फर्निचर, ल्यापटप, कम्प्यूटर, क्यामेरा जस्ता पुँजिगत प्रकृतिका सामान खरिद गरी रु. १०१५२६९।-, दैनिक भ्रमण भत्ता, कार्यालय संचालन आदि काममा रु.१२,१३,३२५।- र जिविस कोष तर्फ ट्रान्सफर रु.१२,३७,५००।- देखिएको छ । निर्देशिकाले तोकेको भन्दा बढी कन्टिन्जेन्सी खर्च गरेको रु.१४,३९,२६५। नियमित देखिएन ।

१५.५. २०६३/०६४ देखि लागू भएको, प्रत्येक वर्ष एक वर्षको लागि योजना छनौट गरी कार्यान्वयन गर्ने गरेकोमा विगत वर्ष संचालित योजनाको अद्यावधिक अभिलेख तयार गरेको छैन । हालसम्म के कुन गाविसमा के कति वटा के कति रकम खर्च गरि योजना संचालन गरिएको हो ती योजनाहरु हाल चालुहालतमा रहेको वा नरहेको ती योजनावाट के कति वेरोजगारले के कति अवधि रोजगारी प्राप्त गरे भन्ने सम्वन्धमा अनुगमन गरी एकिकृत र अध्यावधिक प्रतिवेदन तयार गरेको छैन ।

१५.६. मोल्फा-दाहा इम्री ग्रामिण सडक निर्माण कार्य गरे वापत उपभोक्ता समितिलाई रु.२७,८०,३८०।- भुक्तानी दिएकोमा सार्वजनिक निर्माण सम्वन्धी नर्म्स (डोलिडार) अनुसार सुख्खा ढुंगाको पर्खाल निर्माण कार्यको लागि प्रति घनमिटर २.६ जना अदक्ष ज्यामी लाग्नेमा २.८५ जना राखी दर विश्लेषण गरेको कारण प्रति घनमिटर रु.२,००६।- हुनुपर्नेमा रु.२,१०६।- का दरले भुक्तानी गरेकाले ८१९.१५ घनमिटरको वढी भुक्तानी रकम रु.८१,९१५।- सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

१६. **निर्वाचन क्षेत्र विकास कार्यक्रम** : निर्वाचन क्षेत्र विकास कार्यक्रम संचालन कार्यविधि नियमावली, २०७१ मा सविधान सभा सदस्यले प्रथम चौमाकिसमा योजना पेश गर्नुपर्नेमा यस जिल्लाका दुई सदस्यले क्रमश २०७१/१२/२५ र २०७३/१/२४ गते मात्र योजना पेश गरेको देखियो । योजना ढिला पेश गरेका कारण आ.व.को अन्त्यमा मात्र उपभोक्ता संग संझौता हुन सकेको र सवै काम २०७३ आषाढमा मात्र शुरु तथा सम्पन्न गरेको पाइयो । नियममा ब्यवस्था भए वमोजिम समयमै योजना पेश गरी कार्यान्वयन गर्नुपर्दछ । संविधान सभा सदस्यले संचालित कार्यक्रमको वर्षमा कम्तिमा एक पटक अनुगमन गरी जिविसमा प्रतिवेदन दिनुपर्ने ब्यवस्थाको पालना पनि भएको छैन । निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७१ मा उल्लेख भएका अधिकांश ब्यवस्थाको पालना गर्नुपर्नेमा भएको छैन ।

१६.१. उपभोक्ता समितिसंग भएको संझौतामा अनिवार्यरुपमा २० प्रतिशत जनसहभागिता हुनुपर्ने ब्यवस्था छ । यो बर्ष संचालित १३ योजनाहरुमा सम्झौता वमोजिम कार्यसम्पन्न रकमको २० प्रतिशत

जनसहभागिता अंक कटाई वांकी भुक्तानी हुनुपर्नेमा सो अनुरुप नगरेको कारण वढी भुक्तानी हुन गएको रु.१,३६,७०५।- उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ ।

१७. **विकेन्द्रित ग्रामिण पूर्वाधार तथा जिविकोपार्जन सुधार कार्यक्रम** : अतिरिक्त लगानी अन्तर्गतकालिकोट जिल्लाको भर्ता गाविसमा पर्ने हुल्म-सेरी-साख हुदै छेलाहान्ना ग्रामिण कृषि सडक १०.१५० कि.मि.निर्माण गर्न ३ वटा प्याकेज मध्ये दुई प्याकेजको काम वोलपत्र मार्फत र एक प्याकेजको काम उपभोक्ता समिति मार्फत गराएको छ । उक्त सडक निर्माण यो बर्षसम्म उपभोक्ता समितिलाई रु.३,३२,३५,०००।- र निर्माण व्यावसायीलाई रु.२,५२,५३,०००।- भुक्तानी भएको छ । यसरी कुलरु.५,५४,८८,०००।- खर्च गरेपछि निर्माण कार्य स्थगित गरेकोले खर्चको उपादेयता पुष्टि हुने अवस्था छैन ।

१७.१. प्याकेज नं. १ र २ का निर्माण ब्यवसायीले २०७२/०७३ मा कुनै काम गरेको देखिएन । २०७२ श्रावण मसान्तमा ५५ % मात्र भौतिक प्रगति भएको उल्लेख छ । वन्द, हडताल, भूकम्प, वर्षा आदि कारण उल्लेख गरी प्याकेज नं. १ को लागि २०७२/८/१२ सम्म र प्याकेज नं. २ को लागि २०७२ चैत्र मसान्त सम्मको लागि म्याद थप भएको छ । तत् पश्चात म्याद थप भएको छैन भने निर्माण ब्यवसायीले काम छाडेको अवस्था छ । निर्माण स्थलमा कडा चट्टान आएकाले काट्न नसक्ने भनी दुवै प्याकेजका निर्माण ब्यवसायीले ठेक्का तोड्न निवेदन दिएको र निर्माण ब्यवसायीको माग वमोजिम ठेक्का तोडनका लागि विकेन्द्रित ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन सुधार आयोजना, पुल्चोकलाई लेखि पठाइएको देखिन्छ । निर्माण ब्यवसायीका कारण निर्माण कार्य हुन नसकेकोमा निर्माण कार्य गर्दै जांदा शुरुको ड्रईङ्ग, डिजाईनले काम नगर्ने भएमा ड्रईङ्ग, डिजाईन संशोधन गरेर भएपनि गराउन सकिनेमा त्यसतर्फ ध्यान दिएको पाइएन । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र नियमावली, २०६४ को नियम १२८ मा निर्माण ब्यवसायीवाट खरिद सम्झौता उल्लंघन भएमा सार्वजनिक निकायलाई प्राप्त हुने उपचार ब्यवस्था उल्लेख छ । ऐन तथा नियमावलीको ब्यवस्था अनुसार निर्माण ब्यवसायीले काम नगरेको कारण सार्वजनिक निकायले सो काम गर्न वा गराउन लाग्ने थप खर्च वापतको रकम निजले ब्यहोर्नुपर्ने लगायतका उपचारतर्फ विचार गरी खरिद सम्झौता अन्त्य गर्ने वा निर्माण कार्यसम्पन्न गराउनेतर्फ कारवाही गर्नुपर्ने देखिएको छ । साथै दश प्रतिशत ब्याज सहित मोविलाईजेशन पेश्की असुल गर्नुपर्ने देखिएको छ ।उक्त आयोजनाको अवधि डिसेम्वर २०१६ (२०७३/९/१६) सम्म मात्र रहेकाले उक्त सडक निर्माण कार्य अधुरै रहने अवस्था देखिएको छ । यसरी आयोजना अवधि भित्र सडक निर्माण सम्पन्न हुन नसकेको कारण यस सम्वन्धमा थप अध्ययन, छानविन समेत हुनुपर्नेमा सो भएको छैन ।

१७.२. यो वर्ष सडक निर्माण तथा Supplementary Investment अन्तर्गतका कामहरुमा रु.२,६४,३६,८८७।- खर्च गरेको देखिन्छ । सडक निर्माण कार्य २०७१/०७२ मा शुरु भएकोमा कन्टिन्जेन्सी खाता राखेको छैन । सडक निर्माण कार्यको कुल लागत अनुमानको ५ प्रतिशतले रु.५९,७५,०००।-सम्म कन्टिन्जेन्सी खर्च गर्न सकिनेमा यो वर्ष मात्र रु.४२,८८,१०६।- खर्च गरेको छ । कन्टिन्जेन्सी खर्च खाता नराखेकोले उक्त खर्च सीमाभित्र रहे/नरहेको यकिन भएन । गत वर्षको खर्च मध्ये कन्टिन्जेन्सी खर्च यकिन गरी हालसम्मको कन्टिन्जेन्सी खर्चको अभिलेख राख्नुपर्ने देखिएको छ ।

१७.३. तीन उपभोक्ता समितिलाई दिएको पेश्की रु.१२,४२,०००।- आ.व.को अन्त सम्ममा पनि फछ्र्यौट भएको छैन । उक्त पेश्कीनियमानुसार असुल फछ्र्यौट हुनुपर्दछ ।

१८. **ससाना योजनामा बिभाजन** : साना सिंचाई नदी नियन्त्रण र अन्य पूर्वाधार विकास कार्यक्रमअन्तर्गतसंघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०७२।६।२१ को अख्तियारी

पत्रानुसार साना सिंचाई सम्बन्धी योजनाहरुको निर्माण कार्य ४ वटा प्रति एकको रु.१०,००,०००।- ले रु.४०,००,०००।- र नदी नियन्त्रण १ वटाको लागि रु.५,००,०००।- समेत जम्मा रु.४५,००,०००।- छुट्याएकोमा जिल्ला विकास समितिले १७ योजनामा विनियोजन गरी खर्च गरेको छ। यसरी मन्त्रालयले निश्चित गरेको योजनालाई पुनः ससाना योजनामा बिभाजन गरेको उपयुक्त देखिएन।

१८.१. एक सिंचाई योजनाको लागत अनुमान रु.४,५६,०२०।- भएकोमा २० प्रतिशत उपभोक्ताबाट व्यहोर्ने गरी २०७२।१२।२६ मा सम्झौता भएकोमा रु.४,३३,९०४।- को कार्यसम्पन्न भै बिल पेश हुन आएकोले सोको उपभोक्ताको योगदानले रु.८६,७८१।- कट्टा गरी रु.३,४७,१२३।- मात्र भुक्तानी गर्नुपर्नेमा रु.३,७७,९०४।- भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु.३०,७८१।-असुल गर्नुपर्दछ।

१८.२. बिभिन्न उपशीर्षकमा धरौटी, जांचपास, कन्टिन्जेन्सी र अग्रिम कर कट्टा गरेकोमा सम्बन्धित खातामा दाखिला हुनुपर्ने रु.४०,०१,५६५।- मध्ये अग्रिम कर दाखिला भएको रु.७,८७,५६६।- घटाई बांकी रु.३२,१३,९९९।-धरौटी खातामा दाखिला गर्नुपर्दछ ।

१८.३. जिल्ला खेलकुद विकास समिति, कालीकोटको रु.१,००,०००।- पेश्की फछ्र्यौट गरी रु.१,५०,०००।- भुक्तानी भएकोमा जिल्लास्तरीय खेलकुद छनौट प्रतियोगिता गरेको बिल भरपाई पेश हुन आएको र सो कामको लागि जिल्ला परिषद्बाट खर्च विनियोजन भएको नदेखिएकोले उक्त खर्च नियमित गराउनुपर्दछ।

१८.४. स्थानिय विकास अधिकारीको अध्यक्षतामा २०७२।१२।- मा बसेको सर्वदलीय बैठकबाट निर्णय गराई वृत्तचित्र निर्माण उपसमिति, कालीकोटका श्री अशोककुमार सिंहलाई वृत्तचित्र अनुदान रु.१,००,०००।- भुक्तानी खर्च गरेकोले सो वृत्तचित्र बने नबनेको कुनै प्रमाण नहुनुका साथै सोसंग सम्बन्धित बिल भरपाई राखेको छैन। काम सम्पन्न भएको प्रमाण समेत राखेको छैन ।

१८.५. एक गा.वि.स.सचिव जिल्ला विकास समितिको कार्यालय हुम्लाबाट सरुवा भई आउंदा २०७१।४।११ देखि २०७१।४।२७ सम्मको आफू समेत ६ जनाको सरुवा भ्रमण खर्चवापत रु.१,०५,८००।- भुक्तानी गरेकोमा म.ले.प.फा.नं.१८ प्रमाणित वेगर भुक्तानी भएकोले खर्च नियमसम्मत छैन।

१८.६. कर्णाली नदीमा तुईन मर्मत गरे वापत एक फर्मबाट सामान खरिद वापत रु.१,४६,०५२।- भुक्तानी गरेको बिल पेश गरी एक कर्मचारीको गत बर्षको रु.१,५०,०००।- पेश्की फछ्र्यौट गरी रु.५०,०००।- भुक्तानी गरेकोमा अग्रिम कर रु.१,९३९।- कर कट्टा नगरेकोले असुल गरी दाखिला गर्नुपर्ने साथै उक्त गत बर्षको खर्च म.ले.प.फा.नं.१८ प्रमाणित वेगरको भुक्तानी गरेकोले नियमसम्मत छैन।

१८.७. जिल्ला विकास समितिको कार्यालय, तीन उपभोक्ता समिति र पत्रकार महासंघ मार्फत ४ योजना छनौट गरी कार्य गरेकोमा सम्झौतामा उपभोक्ता समितिले २० प्रतिशत र ८० प्रतिशत जिल्ला विकास समितिले व्यहोर्नुपर्ने उल्लेख भएकोमा निर्माण कार्यसम्पन्न भए पश्चात् भुक्तानी गर्दा सम्पूर्ण रकम भुक्तानी गरेकोले सम्झौता विपरीत उपभोक्ता समितिलाई बढी भुक्तानी भएको रकम रु.१,१३,०२५।-असुल गर्नुपर्दछ।

१९. **अनुगमन** : थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत जिल्ला विकास समितिको कार्यालयले यस कार्यक्रम अन्तर्गत बिभिन्न संस्थाहरुलाई रु.२९,८१,०००।- अनुदान भुक्तानी दिएकोमा सो रकम उपयोग गरी तोकिए बमोजिमको कार्यक्रम संचालन भए/नभएको अनुगमन निरीक्षण गरी प्रतिवेदन पेश गर्नुपर्ने देखिएको छ।

२०. **पेश्की** : बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत बिभिन्न ३ कार्यालयलाई गएको पेश्की रु.४५,२१,०००।- फछर्यौट नभएकाले नियमानुसार असुल फछर्यौट गर्नुपर्दछ ।

२०.१. आर्थिक बर्षको अन्तसम्म पनि उपभोक्ता समितिलाई बांकी रहन गएको रु.६३,१८,३४७।- पेश्की बांकी नै रहेकोले आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ बमोजिम असुल फछ्र्यौट गर्नुपर्दछ । यसको साथै मालसामान खरिद वापत सम्बन्धित बिक्रेतालाई सोभै भुक्तानी दिनुपर्नेमा २ वटा बजेट उपशीर्षकबाट रु.९९,३१,०००।- कार्यालयको कर्मचारीको नाममा पेश्की दिई भुक्तानी गरेको छ । यसरी भुक्तानी दिने कार्य नियमसम्मत नभएकोले पूर्ण नियन्त्रण गर्नुपर्दछ ।

२१. **लेखापरीक्षण** : ग्रामिण पहुंच कार्यक्रमतर्फस्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग( डोलीडार) को मिति २०७२।५।- को च.न.९४ को अख्तियारी वमोजिम नेपाल सरकारवाट रु.३३,००,०००।- र सोभै भुक्तानी डिएफआइडि वाट रु.१०,५८,१८,०००।- को अख्तियारी प्राप्त भएकोमा नेपाल सरकार तर्फ रु.२५,५६,७८८।- निकासा तथा खर्च भएको छ भने डिएफआइडि अनुदानतर्फ सोभै भुक्तानी भएको रु.१०,५८,१८,०००।-को श्रेस्ता कागजात पेश गरी लेखापरीक्षण गराउनुपर्नेमा गराएको छैन ।

२२. **स्थानीय यातायात क्षेत्रगत पूर्वाधार विकास कार्यक्रम** : जिल्ला अस्पताल देखि रेगिलसम्म ग्रामिण सडक निर्माण कार्य २०७३ फाल्गुण मसान्तसम्म सम्पन्न गर्ने गरी मुल्य अभिवृद्धिकर समेत रु.८७,९५,९९०।- एक निर्माण व्यावसायीलाई आर्थिक वर्ष २०७१।२०७२ मा रु.१३,२६,९६०।- भुक्तानी भएकोमा यो आर्थिक वर्ष २०७२।०७३ मा दोस्रो र तेस्रो रनिङविलवाट रु.३६,००,६६७।- समेत रु.४९,२७,६२७।- भुक्तानी भएको छ । ठेक्काको कार्यसम्पादन जमानत रु.१० लाखको म्याद २०७३।९।१ सम्मको रहेकोमा लेखापरीक्षण मिति २०७३ मंसिर मसान्तसम्म पनि म्याद थप भएको छैन ।

२३. **निर्देशन** : संस्कृति प्रवर्द्धन तथा नागरिक उडयन मन्त्रालयको २०७२।६।१४ को अख्तियारी वमोजिम विभिन्न १५ मठ,मन्दिर,गुम्वा,चर्च आदि मर्मत सम्भार एवम जिर्णोदार गर्न र विभिन्न स्मृति प्रतिस्ठान एवम संघ संस्थालाइ पूंजीगत कार्यको लागि अनुदान उपलव्ध गराउने व्यवस्था वमोजिम रु.२५ लाख वजेट व्यवस्था भएकोमा रु.२४,५३,१०२।-निकाशा तथा खर्च भएको छ । अख्तियारीको वुंदा नम्वर ८ मा मिति २०७२ फाल्गुण मसान्तसम्म कार्य शुरु नभएका कार्यक्रमहरुको सम्पूर्ण वजेट २०७२ चैत्र १ गते अनिवार्य रुपमा फिर्ता गर्नुपर्ने साथै सो अवधि सम्मको लक्ष्यको ५० प्रतिशत प्रगति हासिल नगर्ने कार्यक्रमको रकम समेत फिर्ता गर्नुपर्ने उल्लेख भएकोमा उल्लेखित निर्देशन विपरीत अधिकांश योजना तथा कार्यक्रम २०७३ आषाढमा सम्पन्न भई आषाढ मसान्तसम्म सम्पन्न गरेको देखियो । अख्तियारीमा उल्लेखित निर्देशनको कार्यान्वयन गरेको छैन ।

२४. **आषाढ महिनाको खर्च** : चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरि सोही वमोजिम चौमासिक रुपमा लक्ष्य तोकी वजेट विनियोजन गरिएको हुन्छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार वार्षिक पूंजीगत खर्च रु.५,०४,१७,०५१।- मध्ये तेस्रो चौमासिकमा रु.४,७४,९२,२३१।-खर्च भएको छ भने आषाढ महिनामा रु. ४,७४,९२,२३१।-खर्च भएको छ । तेस्रो चौमासिकको रकम सबै आषाढ महिनामा खर्च गरेको छ । ढिलो वजेट खर्च गर्ने अख्तियारी प्राप्त भएको, अधिकांश योजनाहरुको योजना फरफारक आषाढ महिनामा हुने गरेकोले तेस्रो चौमासिक र आषाढ महिनामा वढी खर्च भएको कार्यालयले जनाएको छ । बर्षान्तमा ठूलो रकम खर्च गर्ने कार्यमा नियन्त्रण गरी सन्तुलित ढंगले खर्च गर्नुपर्दछ ।

२५. **सोझै खरिद** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्प्रधा सीमित हुने गरी टुक्रटुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले रु.५८,०७,१७२।- को विभिन्न सार्वजनिक निर्माण, परामर्श सेवा मालसामान प्रतिस्पर्धाविगर सोझै खरिद गरेको देखिएको छ । नियमको व्यबस्था बमोजिम प्रतिस्पर्धा हुने गरी आवश्यक सामान तथा सेवा खरिद गर्नुपर्दछ ।

२६. **वीमा** : स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धि नियमावली, २०६४ अनुसार खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक रु.१० लाख भन्दा वढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यावसायीले वीमा गराउनुपर्ने उल्लेख छ। जिल्ला विकास समितिको कार्यालयले रु.१० लाख भन्दा वढीको लागत अनुमान स्वीकृत गरी ठेक्का वन्दोवस्त गरेका तीन ठेक्कामा वीमाको व्यवस्था गरे तापनि वीमा नगरी रु.२,१२,५०,६३९।- को सम्झौता मध्ये रु.७०,६२,६२७।- भुक्तानी गरेको छ । निर्धारित सीमाभन्दा वढी लागत अनुमान भएका निर्माण कार्य गराउदा अनिवार्यरुपमा वीमा गराउनुपर्दछ ।

२७. **ठेक्का व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली नियमावली, २०६४ को नियम २०(३) मा लागत अनुमान तयार गर्ने ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिभित्र सम्पन्न गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सबै ठेक्का तेश्रो चौमासिकमा मात्र व्यवस्थापन गरेको छ । तोकिएको अवधिभित्र ठेक्का व्यवस्थापन गर्नुपर्दछ ।

२८. **भुक्तानीमा कर कट्टी नगरेको** : आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा तोकिएको भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ। कार्यालयले बिभिन्न २१ संस्था तथा व्यक्तिसंगको भुक्तानीमा कट्टी गर्नुपर्ने कर रु.९२,६६२।-कट्टी नगरेकोले असुल गरी दाखिला गर्नुपर्दछ ।

२९. **विल भर्पाई वेगरको खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको विल भर्पाई सहित लेखा राख्नुपर्ने उल्लेख छ। कार्यालयले यो वर्ष बिभिन्न व्यक्तिलाई दैनिक भ्रमण भत्ता वापत रु.१,०९,८४२।- भुक्तानी गरेकोमा बिल भरपाई राखेको छैन ।

३०. **भुक्तानी दिन वांकी** : ग्रामिण खानेपानी तथा सरसफाई कार्यकमतर्फस्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली,२०६४ को नियम ६० वमोजिम अनुसूची २४ को ढांचामा भुक्तानी गर्न वांकी रकम आर्थिक वर्षको अन्तमा प्रमाणित गराई राख्नुपर्नेमा व्यवस्था छ । कार्यालयले भुक्तानी दिन वांकीको कच्चावारी वेगर रु.२,७७,०४०।- भुक्तानी गरेको नियमसम्मत छैन ।

३१. **स्थानीय भत्ता** : एक कर्मचारीलाई काज रहेकै स्थान जिल्ला प्राविधिक कार्यालय जुम्लावाट स्थानीय भत्ता रु.७३,८००।- भुक्तानी दिनुपर्नेमा यस कार्यालयवाट वर्षभरिको स्थानीय भत्ता भुक्तानी दिएकोलेदोहोरो भत्ता खर्च भएको छैन भनि आश्वस्त हुने प्रमाण राखेको छैन ।

३२. **घटी खर्च** : कोष तथा लेखा नियन्त्रक कार्यालयवाट साना सिंचाई कार्यक्रमतर्फको प्रमाणित आर्थिक विवरणमा निकाशा तथा खर्च रु.३,४४,९०,५६९।- देखिएकोमा कार्यालयको वैंक नगदी किताव अनुसार वजेट खर्च रु.२,६३,३९,२८३।- देखिएकोले आर्थिक विवरण भन्दा वैंक नगदी कितावमा घटी खर्च देखिएको रु.८१,५१,२८६।- को सम्वन्धमा छानविन गरी स्पष्ट गर्नुपर्दछ ।

३३. **स्थानीय शान्ति समिति** : गाविसस्तरमा शान्ति समितिको कार्यक्रम संचालन गर्न प्रति गाविस रु.२१,८००।- का दरले ३० गाविसलाई रु.६,५४,०००।- मिति २०७२।१२।७ मा निकासा दिई खर्च लेखेकोमा कार्यक्रम संचालन भए नभएको अनुगमन गरी प्रगति प्रतिवेदन राख्नुपर्नेमा राखेको छैन।

३४. **बिल भरपाई** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३)अनुसार खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यबस्था छ । नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम अन्तर्गत जिल्ला कृषि विकास कार्यालय कालीकोटको नाममा रहेको पेश्की रु.१३,८०,०००।- फछ्र्यौट गरेकोमा बिल भरपाई नराखी नै पेश्की फछ्र्यौट गरेको छ ।

३५. **पेश्की** : आ.व.को अन्त्यमा पनि बिभिन्न संस्था तथा गा.वि.स.लाई गएको पेश्की रु.१२,२०,००,१२०।- पेश्की र एक कर्मचारीको नाममा रहेको रु.२०,०००।-फछ्र्यौट गर्न बांकी रहेकोले आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ अनुसार असुल फछ्र्यौट हुनुपर्दछ ।

## जिल्ला शिक्षा कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यबस्था** : प्रचलित ऐन नियमले गरेको व्यबस्थाको पूर्णत: पालना गरी आन्तरिक नियन्त्रण व्यबस्थालाई सहज बनाउनुपर्दछ ।कार्यालयले तालुक कार्यालयसंग समन्वय गरी समयमै अख्तियारी प्राप्त नगरेको, वित्तीय खर्चको प्रगति विवरण तयार गरे पनि भौतिक परिमाण नखुलाएको, खरिद विधि छनौट समय, प्रकिया, स्पेशिफिकेशन र लागत गणना गरी योजना तयार गर्नुपर्नेमा नगरेको, सम्पत्तिको मूल्य खुलाई अभिलेख व्यवस्थित गर्नुपर्नेमा नगरेको,जिन्सी निरीक्षण प्रतिवेदनमाउल्लेखित व्यहोराको कार्यान्वयन गर्नुपर्नेमा नगरेको,सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको उपाय अवलम्वन गर्नुपर्नेमा नगरेको,रु.५०००।– भन्दा बढीको मालसामान पटक पटक खरिद गर्दा मू.अ.करमा दर्ता नभएका फर्म, सप्लायर्ससंग खरिद गरेको, पेश्की दिंदा के कुन कार्यक्रमको लागि के कति आवश्यकपर्ने हो स्पष्ट खुलाउनुपर्नेमा नखुलाएको, बर्षभरि संचालन हुने तालिमको कार्यतालिका बनाउनुपर्नेमा नबनाएकोले आन्तरिक नियन्त्रण व्यबस्था कमजोर देखिएकोले यसमा सुधार गर्नुपर्दछ ।

२. **निकासा खाता** : विद्यालयलाई निकासा दिइने रकमको नियन्त्रणकोलागि तोकिएको ढाँचामा विद्यालयगत निकासा खाता राख्ने व्यवस्था भएकोमा कार्यालयले विद्यालयगत निकासा खाता नराखी निम्न माध्यमिक/माध्यमिक विद्यालयतर्फ रु.९,९७,५०,३७५।- र प्राथमिक विद्यालयतर्फ रु.२१,१८,११,२७७।- निकाशा गरेको छ । प्रत्येक विद्यालयको लागि स्वीकृत दरवन्दी, ती दरवन्दीमा कार्यरत शिक्षकहरुको अभिलेख अद्यावधिक गरी विद्यालय प्रशासन फांटबाट कार्यरत शिक्षक, दरवन्दी संख्या यकिन गरी निकासा दिनुपर्नेमा विद्यालयले सिधै निकासा मागफाराम लेखा फांटमा पेश गर्ने र सोही अनुसार निकासा दिने गरेको देखियो । प्रत्येक विद्यालयको लागि स्वीकृत दरवन्दी, कार्यरत शिक्षकको अभिलेख विद्यालय प्रशासन फांटबाट प्रमाणित गरी निकासा दिने र प्रत्येक विद्यालयको निकासा खाता राख्ने व्यबस्था अनिवार्य गर्नुपर्दछ ।

३. **पारिश्रमिक कर** : आयकर ऐन, २०५८ को दफा ८ र ८७ अनुसार कुनै प्राकृतिक व्यक्तिले कुनै आय बर्षमा रोजगारीवाट प्राप्त गरेको पारिश्रमिक सो वर्षमा सो व्यक्तिको रोजगारीको आय मानी गणना गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस आर्थिक वर्षमा पारिश्रमिक कर रु. ८८,१७५। कम कट्टा गरी दाखिला गरेको देखिएकोले नपुग रकम सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्दछ।

४. **बढी तलब निकासा** : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२।७३माशिक्षकको तलव भत्ता निकासा दिदां शिक्षकको नामनामेसी सहितको विवरण अद्यावधिक गरी Website मा राख्ने, तलव भत्ता लागि अनिवार्यरुपमा बैङ्क खाता खोल्नुपर्ने, बढी र दोहोरो निकासा नहुने सुनिश्चितता गरी निकासा दिने व्यवस्था गर्न तालुक निकायबाट निर्देशन समेत दिएको छ । कार्यालयले सबैका लागि शिक्षा/प्राथमिक शिक्षा/मा.वि./नि.मा.वि.बाट चार विद्यालयलाई शिक्षकको तलब रकम निकासा

दिंदा तोकिएको भन्दा रु.१,२२,५७१।-ले बढी निकासा दिएको छ । बढी निकासा दिएको रकम सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्दछ ।

५. **कार्यक्रम अनुगमन** : शिशु विकास कार्यक्रमअन्तर्गतनानीकोट र फुकोट गाविसका ८ वटा विद्यालयहरुलाई प्रति विद्यालय रु.५०,०००।- का दरले वालमैत्री विद्यालय निर्माण गर्न रु.४,००,०००।- पूंजीगत अनुदान २०७३।३।२४ मा विद्यालयको खातामा जम्मा हुने गरी निकासा दिएकोमा वालमैत्री विद्यालय निर्माण भए नभएको अनुगमन गरी सोको कार्यसम्पन्न प्रतिवेदन राख्नुपर्नेमा राखेको छैन ।बार्षिक कार्यक्रममा समावेश नभएको विद्यालय शान्ति क्षेत्र कार्यक्रममा रु.७५,०००।- खर्च गरेको नियमसम्मत छैन ।

६. **निर्माण कार्य** : सार्वजनिक खरिद नियमावली, २०६४ र नियम ३१ बमोजिम रु.१० लाख रुपैयांसम्मको निर्माण कार्य र रु.१० लाख भन्दा बढीको मालसामान खरिद गर्दा सिलवन्दी वोलपत्रको माध्यमबाट गर्नुपर्नेमा नवनिर्मित कार्यालय भवनको किनारा तथा दायां वायांको साइटमा रिटेनिङ्गवाल र वाल सहितको नाली निकास गर्ने कार्य टुक्राटुक्रा पारी तीन वटा खुला दरभाउपत्र मार्फत निर्माण कार्यमा रु.१४,४०,१४४।- र निर्माण सामग्रीमा रु.३,९४,६४६।- गरी रु.१८,३४,७९०।- खर्च गरेको छ । यसरी भएको खर्च नियमसम्मत छैन ।

७. **अनौपचारिक शिक्षा** : निरन्तर शिक्षाका लागि सहजकर्ता तालिम संचालनमा तालिमका सहभागीलाई भत्ता वितरण गर्दा विलभर्पाई भन्दा रु.८,७५०।-वढी खर्च लेखेको रकम रु.८,७५०।- अशुल गर्नुपर्ने, पुस्तकालय तथा सूचना प्रविधि स्थापनाको लागि ३ वटा सामुदायिक अध्ययन केन्द्रलाई पुस्तकालय तथा सूचना प्रविधिको स्थापना गर्न रु.१,५०,०००।- उपलब्ध गराएकोमा सोको कार्यसम्पन्न प्रतिवेदन राख्नुपर्नेमा नराखेको, निरन्तर शिक्षा अभिमुखिकरण तालिम कार्यक्रम संचालनमा बिल भरपाई भन्दा रु.१,९१०।- बढी खर्च लेखेको असुल गर्नुपर्ने, सामुदायिक परिचालिका अभिमुखिकरण तालिमका १ सहभागीको भरपाई नै नराखी रु.१,६१०।- खर्च गरेकोले सो रकम दाखिला गर्नुपर्ने र कार्यक्रमको लागि स्वीकृत भएको भन्दा रु.९१,०००।- कम खर्च भएको रकम संचितकोषमा दाखिला गर्नुपर्दछ ।

८. **बढी निकासा** : प्रथम चौमासिक निकासावाट श्री जनज्योति मा.वि.पाखालाई ६ जना शिक्षकको लागि रु.९०६७९२।- निकाशा गएकोमा २०७२।६।२२ मा पुनः प्रथम चौमासिक छुटवापत नाम नामेसी उल्लेख गरी रु.२१,९७०।- निकासा दिएकोले दोहोरो निकासा रकम रु.२१,९७०।- फिर्ता प्राप्त गरी दाखिला गर्नुपर्दछ । यसै गरीशिवालय उच्च माध्यामिक विद्यालय, चिल्खायाले नि.मा.वि. तृतिय तहका एक शिक्षकलाई २०७२ असोज १ गते देखि नयां नियुक्ति भएको उल्लेख गरी दुई महिनाको तलव भत्ता र दशै खर्च समेत रु.७३,८१०।- माग गरेकोमारु.१,२८,८४०।- निकासा दिएकोले वढी निकासा गएको रु.५५,०३०।- असुल दााखिला गर्नुपर्दछ ।

९. **परीक्षा संचालन खर्च** : आयकर ऐन, २०५८ को दफा ८८(१) अनुसार भाडा भुक्तानीमा १० प्रतिशत कर कट्टा गर्नुपर्नेमा परीक्षासंग सम्वन्धित सामग्री रौतहट पुर्‍याए वापत सवारी साधन भाडा रु.५०,०००।- भुक्तानी गर्दा रु.५,०००।- कर कट्टा नगरेकोले असुल गरी दाखिला गर्नुपर्दछ ।यसैगरी परीक्षा संचालन बैठक भत्ता वितरण गर्दा रु.३,६००।- कर कट्टी नगरेकोले२०७१ सालको पूरक परीक्षा केन्द्रसंचालन कार्यमावील भर्पाई भन्दा वढी खर्च लेखेको रु.१४,६१२।- असुल गरी दाखिला गर्नुपर्दछ ।

१०. **विद्यालय क्षेत्र सुधार कार्यक्रम** : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७३ अनुसार विद्यालय सुधार योजना अद्यावधिक तथा विद्यालयको लेखापरीक्षण, सामाजिक परीक्षण गर्नको लागि आधारभूत

तहको लागि प्रति विद्यालय रु.६,५००।- र माध्यमिक तहको लागि प्रति विद्यालय रु.१०,५००।- का दरले निकासा दिने, सो रकमबाट विद्यालय सुधार योजना अद्यावधिक गर्ने, सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गर्नुपर्ने, सोको प्रतिवेदन श्रोत व्यक्ति तथा विद्यालय निरीक्षकहरुले तयार गरी जिल्ला शिक्षा कार्यालयमा पेश गर्नुपर्ने व्यबस्था छ ।२८८ विद्यालयलाई रु.२२,८८,०००।-निकासा दिएकोमा निर्देशिकामा उल्लेख भए बमोजिमको कार्य सम्पन्न भएको पुष्टि हुने गरी प्रतिवेदन राखेको छैन ।

११. **कम्प्युटर अनुदानको अनुमगन** : सूचना प्रविधिमा विद्यार्थीहरुको पहुंच पुऱ्याउन विद्यालयमा कम्प्युटर तथा इन्टरनेट सुविधाका लागि २ विद्यालयलाई निकासा दिएको रकमबाट कम्प्यूटर तथा ईन्टरनेट सुविधा खरिद गरी प्रयोगमा ल्याए नल्याएको सम्बन्धमा अनुगमन/निरीक्षण २०७२ कार्तिक २५ गतेभित्र शिक्षा विभागमा उपलब्ध गराउनुपर्ने व्यवस्था छ । कार्यालयले उक्त व्यवस्था अनुसार२ विद्यालयलाई रु.२,००,०००।- निरीक्षण अनुगमन गरी विवरण उपलब्ध नगराएकोले तोकिएको प्रयोजनमा खर्च गरी कार्यक्रमको उद्देश्य हासिल भएको सम्बन्धमा यकिन गर्ने अवस्था छैन ।

१२. **छात्रवृत्तिको अनुदान** : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२/७३ को कायक्रम नं.८ मा बिभिन्न किसिमका छात्रवृत्ति वितरण गर्न अनिवार्य रुपमा जिल्ला छात्रवृत्ति व्यवस्थापन समिति गठन गरी समितिले जिल्लामा प्राप्त कोटा र रकम समेतलाई ध्यानमा राखी छात्रवृत्ति वितरण सम्वन्धी नीति तयार गर्ने, तोकिएको न्यूनतम दिन हाजिर भएका छात्रछात्रालाई दोहोरो नपर्ने गरी अभिभावकको रोहबरमा वितरण गरी र छात्रछात्राको नाम नामेसी सहितको विवरण जिल्ला शिक्षा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले उपरोक्त समिति गठन नगरी एवं छात्रछात्राको विवरण समेत प्राप्त नगरी रु.१,८२,०७,०००।- छात्रवृत्ति वितरण गर्न विद्यालयहरुलाई निकासा गरेको छ ।

१२.१. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७ मा कुनै रकमको भुक्तानी दिनुपर्ने भएमा भुक्तानी बांकीको विवरण प्रमाणित गर्नुपर्ने व्यबस्था छ। श्रोत व्यक्तिको सट्टामा कार्यरत शिक्षकलाई तलब निकासा दिएको रु.७,४०,५३७।- मध्ये श्री सरस्वती उच्च मा.वि थिर्पुलाई रु.१,३८,५३७।- निकासा दिएको छ । सो मध्ये गत बर्षको छुट भनी रु.१२,५७३।- समेत समावेश गरेकोमा गत बर्ष छुट भएको प्रमाण तथा भुक्तानी बांकीको विवरण (मलेपफानं. १८) वेगर नै निकासा दिएको नियमित देखिएन ।

१२.२. भ्रमण खर्च नियमावली, २०६४ को नियम ३(६) मा कार्यालय प्रमुखले भ्रमण आदेश दिने व्यबस्था छ। उक्त नियम विपरीत कार्यालयका कर्मचारीले कार्यालय प्रमुख बाहेक अन्य कर्मचारीबाट भ्रमण आदेश लिई भ्रमण खर्च भुक्तानी दिने गरेको देखियो । दुईजना कर्मचारी स्वयंले आफ्नो भ्रमण आदेश स्वीकृत गरी रु.३६,९९५।- भ्रमण खर्च भुक्तानी लिएको देखियो । त्यस्तो भ्रमण आदेश कार्यालय प्रमुखले समर्थन गरेको समेत नदेखिएकोले सम्बन्धितबाट सोरकम असुल गर्नुपर्दछ ।

१२.३. आयकर ऐन, २०५८ को दफा ८९ मा सामानको भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम कर कट्टा गर्नुपर्ने व्यबस्था रहेकोमा कर कट्टा नगरेको रु.१०,०९७।- असुल गरी दाखिला गर्नुपर्दछ ।

१२.४. कक्षा ९ र १० का दलित छात्र छात्रालाई रु.५००। का दरले छात्रवृत्ति निकासा दिनुपर्नेमा रु.६००। का दरले दिएकोले ९१२ जनाको लागि बढी निकासा गएको रु.९१,२००।-सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्दछ ।

१२.५. विद्यार्थी संख्या अद्यावधिक गरी तयार गरिएकोFlash Report अनुसार कक्षा १ देखि ५ का ३२,१४५ र कक्षा ६ देखि ८ का १३,९३३ विद्यार्थी संख्या देखिएकोले क्रमशः रु.४८,२१,७५०।- र

रु.२३,६८,६१०।- निकासा दिनुपर्नेमा बढी निकासा दिएको रु.३,६५,१००।- सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्दछ ।

१२.६. कक्षा ९ र १० का ४,१६२ छात्राको लागि रु.६००। का दरले रु.२४,९७,२००।- निकासा दिएकोमा अद्यावधिक छात्रा विवरण अनुसार कक्षा ९ र १० मा ४,११६ जना छात्रा देखिएकोले ४६ जनाको बढी निकासा दिएको रु.२७,६००।-सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्दछ ।

१२.७. कक्षा १देखि ८ का छात्रा २४,९१५ जनाको लागि रु.६००। का दरले रु.१,४९,४९,०००।- छात्रवृत्ति निकासा दिएको छ । विद्यार्थी संख्या अद्यावधिक गर्दा कुल ४८,५०२ जनाबाट घटी ४६,०७८ जना कायम भएको देखियो । तर अद्यावधिक विवरणमा छात्र र छात्राको अलग अलग गणना गरेको नपाइएकोले उक्त घटी भएको मध्ये छात्रा संख्या के कतिले घटेको यकिन भएन । समग्रमा पांच प्रतिशतले घटेकोमा छात्रा संख्या पनि घट्ने नै देखिएकोले निकासा दिएको २४,९१५ जनाको ५ प्रतिशतले हुने १,२४६ जनाको रु.७,४७,६००।- बढी निकासा गएको देखिएकोले उक्त रकम सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्दछ ।

१२.८. कार्यक्रम तयारी तथा निर्माण, GIS मा आधारित नक्शांकन सम्बन्धी काम गरेको, विद्यार्थी परिचय पत्र, तथ्यांक अद्यावधिक गरेको, Flash Report तयारी गरेको पारिश्रमिक भनी जिल्ला शिक्षा अधिकारी लगायत कार्यालयका कर्मचारीले नगदै पारिश्रमिक बुझिलिने गरेको देखियो । कार्यालयको नियमित कार्यसम्पादन गरेकोमा सो वापत रु.२,४९,०००।- अलग्गै पारिश्रमिक प्राप्त गर्ने आधार भए पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्दछ ।

१२.९. **भौतिक सुविधा विस्तार** : शिक्षा बिभागद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७२।७३ अनुसार भौतिक सुविधा विस्तार कार्यान्वयन गर्ने सम्बन्धी व्यबस्था उल्लेख छ । सो अनुसार यो बर्ष ४ कोठे भवन निर्माण, ८ कोठे भवन निर्माण, ६ कोठे भवन निर्माण, शौचालय निर्माण, विद्यालय भवन मर्मत आदि कामको लागि २६० वटा विद्यालयलाई रु.१,००,०००।- देखि रु.२४,००,०००।- सम्म गरी रु.१७,०१,५०,०००।- बजेट व्यबस्था भएकोमा पूरै खर्च गरेको छ ।

१२.१०. बार्षिक कार्यक्रम एवं अख्तियारी २०७२।५।२३ मा प्राप्त भएको देखिन्छ । बार्षिक कार्यक्रम अनुसार प्रथम चौमासिकमा रु.३,०६,८०,०००।- दोश्रो चौमासिकमा रु.८,७१,६२,०००।- र तेश्रो चौमासिकमा रु.५,२३,०८,०००।- खर्च गर्ने लक्ष्य राखेकोमा २०७२।८।२४ मा मात्र विद्यालयलाई कोटा वितरण गर्ने निर्णय गरेको छ । यस्तै कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार निर्माण सामग्री संकलन गरी जग खनेपछि १५ प्रतिशत, डि.पि.सी.को काम सकेपछि ५० प्रतिशत, गारो लगाई छाना छाएपछि २० प्रतिशत र सम्पूर्ण काम समाप्त भई नापजांच गरी कार्यसम्पन्न प्रतिवेदन तयार गरेपछि १५ प्रतिशत भुक्तानी दिनुपर्ने व्यबस्था छ । २०७२।११।१६ मा रु.७,८७,७५,०००।-, २०७२।१२।१५ मा रु.५४,००,०००।-, २०७३।१।१२ मा रु.४७,२५,०००।-, २०७३।२।२३ मा रु.४,१८,८०,०००।- र २०७३।३।२९ मा रु.३,९३,७०,०००।- मा निकासा दिएको छ ।

यसरी निर्देशिकाको बेवास्ता गरी कामको नापजांच, भौतिक प्रगति वेगर भुक्तानी दिएको देखिएको छ । लेखापरीक्षणको क्रममा काम सम्पन्न भएका विद्यालयहरुको विवरण माग गर्दा क्रमागत रुपमा निर्माण हुने १६ विद्यालय बाहेक अन्य सबै २४४ विद्यालयको कार्यसम्पन्न भएको विवरण प्राप्त भएको छ । कार्यसम्पन्न भएका भनिएका केही विद्यालयका कागजात अध्ययन गर्दा कार्यसम्पन्न भएको भनिएको श्री मोतीराम उच्च माविको निर्माणाधीन कामको फोटो राखेको, कार्यसम्पन्न पेश नभएको, श्री महादेव उमाविको डिजाइन परिवर्तन गरेको तर स्वीकृति नलिएको, श्री दैनिकर निमाविको फोटोमा निर्माण कार्य अधुरो रहेको, वरण्डा पि.सि.सी. नभएको, भवन

निर्माण भूकम्प प्रतिरोधी हुनुपर्ने उल्लेख भएकोमा झ्याल ढोकाको तल माथि गारो बांध्ने गरी पेटी निर्माण नभएको देखिएको छ । कार्यसम्पन्न प्रतिवेदनमा मिति उल्लेख हुने गरेको छैन । निर्माण सम्पन्न भएका भनिएका ४३ वटा विद्यालयको बैंक खाता रोक्का राख्न २०७३।३।३० मा पत्राचार गरेको देखिएको छ। यसरी लेखापरीक्षणलाई कार्यसम्पन्न भएको भनी विवरण पेश गर्ने र अर्कोतर्फ विद्यालयले निर्माण कार्य नगरेको भनी बैंक खाता रोक्का गर्ने प्रवृत्ति देखिएको, जिल्लामा भौगोलिक कठिनाई रहेको, अधिकांश विद्यालयमा पुग्न पैदल हिंड्नुपर्ने अवस्था रहेको, उक्त भौतिक पूर्वाधारको प्राविधिक नापजांच गर्न ४ जना प्राविधिक कार्यरत रहेको, १ जनाको जिम्मा औसतमा ६५ वटा विद्यालयपर्ने देखिएकोमा २०७३ आषाढमा प्राविधिकहरु न्यूनतम ३ देखि १८ दिन मात्र फिल्डमा खटिएको देखिएको छ। सम्पन्न भएका भनिएका फाइल अध्ययन निर्माण सम्पन्न भएको आश्वस्त हुने कागजात देखिएन। यस सम्बन्धमा छानविन गरी यकिन हुनुपर्ने देखिएको छ।

१२.११. कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार विद्यालयलाई भौतिक पूर्वाधार अनुदान दिंदा सार्वजनिक खरिद ऐन, २०६३ को व्यबस्था अनुसार हुने भन्ने उल्लेख छ। आठ कोठे बहुबर्षिय भवन निर्माणको लागि प्रति विद्यालय रु.६४ लाख अनुदान दिने व्यबस्था रहेको र यो बर्ष ३ वटा विद्यालयमा ८ कोठे भवन निर्माण गर्ने कार्यक्रम रहेकोले सार्वजनिक खरिद ऐन, नियम अनुसार सोको लागि वोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्नेमा उपभोक्ता समितिसंग सम्झौता गरी निकासा दिएको उक्त निर्देशिकाको व्यबस्था बमोजिम छैन ।

१२.१२. विद्यालय कक्षा कोठा थप, मेशिनरी उपकरण, कम्प्यूटर खरिद, विज्ञान प्रयोगशाला, शौचालय, कम्पाउण्डवाल, खेल मैदान, सोलार जडान आदि कार्यको लागि भनी रु.२६,००,०००।- निकासा प्राप्त भएकोमा बिभिन्न सात विद्यालयलाई रु.२,८५,०००। का दरले र एक विद्यालयलाई रु.४,७५,०००।- गरी रु.२४,७०,०००।- निकासा दिएकोमा उक्त रकमबाट भएको काम कारवाही र खर्चको विवरण सहित अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ।

१२.१३. सोही शीर्षकबाट कन्टेन्जेन्सी वापत भनी ईन्धनमा रु.२५,९००।- र दैनिक भ्रमण भत्तामा रु.१,०३,८६०।- समेत जम्मा रु.१,२९,७६०।- खर्च लेखेको देखियो। उक्त कन्टेन्जेन्सी खर्च अनुदान दिएका विद्यालयको अनुगमनसंग सम्बन्धित समेत देखिएन। विद्यालयलाई प्राप्त अनुदान रकमबाट कन्टेन्जेन्सी खर्च लेख्ने आधार भए पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्दछ।

१३. **उच्च मावितर्फ** : उच्च माविमा नियुक्ति भएका शिक्षकहरुका लागि नियुक्ति भएको मितिबाट तलब भत्ता निकासा दिनुपर्ने व्यबस्था छ । उच्च मावि ९ लाई प्रथम चौमासिकमा रु.४३,७९,१८५।- निकासा दिएकोमा विद्यालय प्रशासन शाखाबाट प्राप्त उच्च मावि शिक्षक नियुक्ति सम्बन्धी विवरण अनुसार शिक्षकहरु २०७२ भाद्र, आश्विन, कार्तिक र माघसम्म नियुक्ति भएको देखिन्छ । तर निजहरुको नाममा २०७२ साउनदेखि नै निकासा गएकोले प्रत्येक शिक्षकको नियुक्ति मिति यकिन गरी नियुक्ति मिति देखि मात्र तलब भत्ता गणना गरी बढी भुक्तानी रकम यकिन गरी असुल गर्नुपर्दछ।

१३.१. ६ विद्यालयलाई दोश्रो चौमासिक निकासा दिएकोमा ९ शिक्षकहरुलाई नियुक्ति हुनुभन्दा अगाडिको समेत तलब भत्ता रु.२,३१,७१७- निकासा दिएकोले असुल गर्नुपर्दछ।

१३.२. यस बजेट उपशीर्षकबाट उच्च माविमा कार्यरत शिक्षकहरुको तलब भत्ता मात्र खर्च लेख्नुपर्नेमा पंचदेवल उमावि मेहलमुडीमा प्राविधिक धारतर्फ कार्यरत एक प्रशिक्षण सहायकको तलब भत्ता रु.१,६९,११०।- समेत भुक्तानी दिएको छ। प्राविधिक शिक्षालाई सहयोग गर्न सामुदायिक विद्यालय क्षमता अभिवृद्धि कार्यक्रममा बजेट व्यबस्था भए अनुसार उक्त शीर्षकबाट खर्च लेखेको सबै रकम

रु.३६,१७,९२०।- सोही उमाविलाई निकासा दिएको छ । यसरी निजको तलब भत्ता समेतसोही कार्यक्रमबाट निकासा भएकोमा उमावितर्फको बजेटबाट समेत निकासा दिएकोले दोहोरो परेको रु. १,६९,११०।- रकम असुल गर्नुपर्दछ ।

१३.३. श्री सरस्वती उमावि राहुनेटालाई तेश्रो चौमासिक निकासा दिएकोमा एक शिक्षकको नाममा रु.१,०९,४८०।- निकासा दिएकोमा विद्यालय प्रशासन फांटबाट प्राप्त नियुक्तिको अभिलेखमा निजको नाम नदेखिएकोले नियुक्ति पेश हुनुपर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्दछ ।

१३.४. पञ्चकालिका उमावि कालिकाका एक शिक्षकलाई पहिलो चौमासिक छुट भनी रु.५७,७४०।- समेत निकासा दिएकोमा निजको नियुक्ति २०७२।६।१ मा भएको र प्रथम चौमासिकको निकासा (दशैं खर्च समेत) तीन महिनाको लागि रु.८२,११०।- गो.भौ.नं.२ बाट निकासा भएको र दोश्रो चौमासिक रकम गो.भौ.नं.३ बाट निकासा भएकोले छुट भएको देखिएन । अतः बढी निकासा दिएकोले रु.५७,७४०।- असुल गर्नुपर्दछ ।

१३.५. श्री महादेव उमावि फोइकोटका एक शिक्षकको नाममा ५ महिनाको तलब रु.१,३६,८५०।- निकासा भएकोमा विद्यालय प्रशासन फांटबाट प्राप्त अभिलेखमा निजको नियुक्ति नदेखिएकोले नियुक्ति पेश हुनुपर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्दछ ।

१४. **सामुदायिक विद्यालय क्षमता अभिवृद्धि कार्यक्रम** : माध्यमिक तहमा प्राविधिक शिक्षा अध्ययन गराउने विद्यालयलाई सहयोग गर्ने उद्देश्यले खर्च भएको रु.३६,१७,६२०।-श्री पञ्चदेवल उमावि मेहलमुडीलाई निकासा दिएको देखियो । उक्त निकासा रकम सशर्त अनुदान शीर्षकबाट खर्च लेखेको छ । सो निकासा रकममा ल्याव सामग्री खरिद गर्न रु.१,००,०००।-, ओ.जे.टी.कार्यक्रममा ४१ जना विद्यार्थीको लागि सहयोग रु.३,२८,०००।- र विद्यालयको लागि आर्थिक सहयोग रु.१०,००,०००।- गरी रु.१४,२८,०००।- समेत समावेश छ । सशर्त अनुदानबाट दिएको रकम तोकिएको काममा खर्च गरी उद्देश्य हासिल गरे नगरेको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

१५. **पेश्की** : दुईजना कर्मचारीलाई गएको पेश्की रु.६,१२,६२८।- आर्थिक बर्षको अन्तसम्म पनि फछ्र्यौट नभएकोले आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ९ बमोजिम असुल फछ्र्यौट गर्नुपर्दछ।

१६. **कार्यसंचालन कोष** : आयकर ऐन, २०५८ अनुसार अग्रिम कर रु.१३,८००।-कट्टा गर्नुपर्नेमा नगरेकोले असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

## जिल्ला कृषि विकास कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यबस्था** : प्रचलित ऐन नियमले गरेको व्यवस्थाको पूर्णतः पालना गरी आन्तरिक नियन्त्रण व्यबस्थालाई सहज बनाउनुपर्दछ । तर कार्यालयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४, ५, ८ अनुसार खरिद विधि छनौट समय, प्रकिया, स्पेशिफिकेशन र लागत गणना गरी योजना तयार गर्नुपर्नेमा नगरेको, सम्पत्तिको मूल्य खुलाई अभिलेख व्यवस्थित गर्नुपर्नेमा नगरेको,जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित व्यहोराको कार्यान्वयन गर्नुपर्नेमा नगरेको,सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको उपाय अवलम्वन गर्नुपर्नेमा नगरेको, रु.५०००।– भन्दा बढीको मालसामान पटक पटक खरिद गर्दा मू.अ.करमा दर्ता नभएका फर्म, सप्लायर्ससंग खरिद गरेको, पेश्की दिंदा के कुन कार्यक्रमको लागि के कति आवश्यकपर्ने हो स्पष्ट खुलाउनुपर्नेमा नखुलाएको, सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५ बमोजिम तालुक निकायबाट निरीक्षण गर्ने नगरेको, बर्षभरि संचालन हुने तालिमको कार्यतालिका बनाउनुपर्नेमा नबनाएकोले आन्तरिक नियन्त्रण व्यबस्था कमजोर देखिएकोले यसमा सुधार गर्नुपर्दछ ।

२. **समग्र खर्च तथा कार्यक्रम :** यो बर्ष १५ बजेट उपशीर्षकमा रु.७,७६,१८,२३५।- बजेट व्यबस्था भएको मध्ये रु.७,६०,९७,६३१।-खर्च गरेको देखिन्छ । उक्त खर्च मध्ये चालुतर्फ रु.६,८६,७३०।- र पूंजीगततर्फ रु.७४,२४,६४०।- रहेको देखिन्छ । चालु खर्च मध्ये कृषि सम्बन्धी बिभिन्न कार्यक्रम संचालन गर्न रु.४,४२,३३,०००।- खर्च भएको देखिन्छ । उक्त कार्यक्रम खर्च मध्ये स्याऊ आत्मनिर्भर कार्यक्रम र मल ढुवानी खर्च रु.१,२०,३०,०००।- बाहेक रु.३,२५,३३,०००।- अत्यन्त ससानो कार्यक्रम जस्तैः तालिम, कृषक पाठशाला, गोष्ठी, अभिमुखीकरण, ससाना अनुदान, प्रदर्शन लगायतका कार्यक्रममा खर्च गरेको छ । ती कार्यक्रमहरुको उपलब्धि मापन गर्ने आधार नरहेको र कार्यक्रम सम्पन्न भएपछि त्यसबाट प्राप्त उपलब्धिको अनुगमन गरी कार्यक्रमको प्रभावकारिता मूल्यांकन गर्ने व्यबस्था रहेको देखिंदैन । यसरी ससाना इकाईमा सयौंको संख्यामा कार्यक्रम राख्ने, खर्च गर्ने र शतप्रतिशत प्रगति भएको विवरण पेश गर्ने तर त्यसको उपलब्धि सम्बन्धमा कुनै खोजविन तथा मूल्यांकन गर्ने गरेको छैन । यस्ता कार्यक्रमले पार्ने प्रभाव र उपलब्धि सम्बन्धी मूल्यांकन गरी ठोस तथा परम्परागत कृषि प्रविधिमा सुधार ल्याई कृषकको जीवनस्तरमा परिवर्तन ल्याउन सकिने कार्यक्रमतर्फ जोड दिनुपर्ने देखिएको छ ।

३. **कृषक अनुदान :** यो बर्ष बिभिन्न बजेट उपशीर्षकबाट मल, बीऊ, कृषि सामग्री आदिको लागि रु.१,५१,९४,०००।- को सामान कृषकलाई प्रत्यक्ष अनुदान दिएको छ । यस्तै प्रकारको अनुदान विगत बर्ष पनि दिने गरेको थियो । विगत बर्षहरुमा उपलब्ध गराएको अनुदानको कृषकगत अभिलेख राख्ने गरेको छैन । प्रत्येक बर्ष अनुदान दिने र शतप्रतिशत प्रगति देखाउने तर उक्त अनुदानबाट कृषकलाई पुगेको फाइदा तथा उपलब्धि सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

४. **स्याऊ आत्मनिर्भर कार्यक्रम :** व्यावसायिक तवरले स्याऊ खेती गरी कृषकलाई स्याऊमा नै आत्मनिर्भर गर्ने उद्धेश्यले यस कार्यक्रम शुरु भएको देखिन्छ । यो कार्यक्रम अन्तर्गत २०७०।७१ मा २१००० विरुवा, २०७१।७२ मा ३३००० विरुवा र २०७२।७३ मा ३०००० विरुवा गरी तीन बर्षमा ८४००० स्याऊ विरुवा वितरण गरेको देखिएको छ । यो बर्ष समेत विरुवा खरिद तथा ढुवानी कार्यमा रु.२५,६०,०००।- खर्च भएको छ । तीन बर्षसम्म बिरुवा हेरचाह खर्च प्रति बिरुवा रु.१००। नगदै अनुदान दिने नीति अनुसार २०७०।७१ मा रु.२१,००,०००।-, २०७१।७२ मा रु.५४,००,०००।- र २०७२।७३ मा रु.८४,००,०००।- समेत रु.१,५९,००,०००।- नगद अनुदान वितरण गरेको देखियो । रोपण भएका सबै बिरुवाको अवस्था ठीक रहेको भनी पूरै नगद अनुदान दिएको देखिन्छ । यसरी स्याऊ आत्मनिर्भर कार्यक्रममा तीन बर्षको अवधिमा जम्मा रु.१,९२,६०,०००।- खर्च लेखेको देखिन्छ । स्याऊको विरुवाले सामान्यतः ४/५ बर्षमा उत्पादन दिन शुरु गर्ने हुनाले सो कार्यक्रमबाट उत्पादनमा देखिने प्रभाव मूल्यांकन गर्ने अवधि भएको छैन । अनुदानमा विरुवा तथा हेरचाह खर्च प्राप्त गर्ने कषकहरुको स्थायी अभिलेख राखी प्रत्येक बर्ष विरुवाको वृद्दि अवस्था, पुनःरोपणको अवस्था सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको छैन ।

कार्यक्रमको उद्देश्य स्याऊको व्यावसायिक बगैंचा स्थापना गरी स्याऊकै माध्यमबाट कृषक आत्मनिर्भर हुने रहेको र यो बर्ष वितरण गर्ने लक्ष्य राखेको ३०००० विरुवाबाट १०० वटा बगैंचा स्थापना गर्नुपर्ने देखिएको छ । यसबाट प्रति कृषक ३०० विरुवाका दरले वितरण गर्नुपर्नेमा प्रति कृषक ४०/५० देखि बढीमा १७५ सम्म गरी ३०६ जनालाई वितरण गरेको छ । थोरै संख्यामा विरुवा वितरण गरेबाट ती कृषकहरुले स्याऊलाई नै मुख्य खेती मानी आत्मनिर्भर हुनसक्ने देखिंदैन । लक्ष्य बमोजिम ३०० विरुवा एउटा पनि कृषकलाई अनुदान दिएको देखिएन । यसबाट कार्यक्रमले परिकल्पना गरे जस्तो स्याऊबाट आत्मनिर्भर हुने अवस्था छैन ।

४.१. पुरानो फलफूल बगैंचा सुदृढीकरण कार्यक्रम संचालन गर्दा कृषि विकास मन्त्रालयबाट स्वीकृत नर्म्स निर्देशिका अनुसार प्रथम बर्षको बगैंचा भए रु.१,२५०।-, दोश्रो बर्षको भए उक्त रकमको पचहत्तर प्रतिशत, तेश्रो बर्षको भए पचास प्रतिशत र चौथो बर्षको भए पच्चिस प्रतिशत अनुदान दिने व्यबस्था छ । उक्त कार्यक्रमको लागि निलोतुथो, चुना र फेबिकल खरिद गरी रु.६०,०००।- खर्च लेखी २६ कृषकलाई सो सामान वितरण गरेको देखियो । सबै फलफूल बगैंचा स्थापना भएको प्रथम बर्ष भएकोमा अधिकतम रु.३२,५००।- (रु.१,२५०।×२६) खर्च लेख्न सकिनेमा रु.६०,०००।- खर्च लेखेकोले बढी खर्च लेखेको रु.२७,५००।-सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

५. **कृषि तथा खाद्य सुरक्षा :** कृषि वाली तथा पशुपालन व्यावसायको उत्पादकत्व वृद्धिमा जोड दिँदै लक्षित समुदायहरुको दैनिक आहारमा विविधीकरण ल्याई महिला तथा बालवालिकाहरुको खाद्य तथा पोषणमा सुधार ल्याउने उद्देश्यले यो कार्यक्रम विश्व बैंकको अनुदान सहयोगमा २०१३ अप्रिल देखि ५ बर्षका लागि संचालनमा आएको छ । सो र्काक्रम अन्तर्गत यो बर्ष पूंजीगततर्फ रु.५२,००,०००।- र चालुतर्फ रु.१,३७,२३,०००।- समेत रु.१,८९,२३,०००।- बजेट व्यबस्था भएकोमा क्रमश: रु.५१,९४,६४०।- र रु.१,३७,२३,०००।- गरी रु.१,८९,१७,६४०।- खर्च गरेको देखिएको छ । पूंजीगततर्फको बजेटबाट कृषि सेवा केन्द्र, स्यूनाको भवन निर्माण, १५ कृषक समूहलाई साना सिंचाई र ५ वटा सहकारी संस्थालाई साना सिचाई कार्यका लागि रकम उपलव्ध गराएको छ । यस्तै चालु कार्यक्रमतर्फबाट कृषक पाठशाला, साना अनुदान, नमूना बगैंचा जस्ता कार्यक्रम संचालन भएको पाइएको छ । कृषकको घरदैलोमा पुग्ने प्रत्यक्ष कार्यक्रममा साना अनुदान रु.६०,००,०००। प्रविधि सहयोग रु१.७,६०,०००।- र नमूना बगैंचा स्थापना रु.१०,०८,०००।- गरी कुल रु.८४,६८,०००।- रहेको छ भने बांकी रु.५३,१०,०००।- कृषक तालिम, प्रदर्शन, बैठक, गोष्ठी अनुगमन जस्ता कार्यक्रम खर्च भएको छ । उक्त कार्यक्रम आ.व.२०७०।७१, २०७१।७२ र २०७२।७३ गरी तीन बर्ष संचालन भएकोमा हालसम्म कस्ता कृयाकलाप कार्यक्रम कहां कहां संचालन भई के कस्तो उपलव्धि हासिल भई आयोजनाको उद्देश्य पूरा गर्नके कस्तो सहयोग पुगेको छ मूल्यांकन भएको पाइएन । जिल्लाका केही सीमित गाविसका सीमित समूहमा कार्यक्रम संचालन गर्दा यसले पूरै जिल्लाको खाद्य सुरक्षामा पुग्ने टेवा सम्बन्धमा समेत मूल्यांकन हुन जरुरी देखिएको छ ।

६. **पेश्की कारोवार :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७६(१) मा मालसामान खरिद गर्दा सोझै सम्बन्धित बिक्रेतालाई भुक्तानी दिनुपर्ने व्यबस्था छ । तर यस कार्यालयले सोझै बिक्रेतालाई भुक्तानी नदिई कार्यालयका कर्मचारीलाई पेश्की दिई भुक्तानी गर्ने गरेको पाइयो । यो बर्ष बिभिन्न कार्यक्रमबाट रु.२,४६,६५,३६५।- पेश्की दिई खर्च गरेको छ ।

कार्यालयको सम्पूर्ण बार्षिक कार्यक्रम सम्पन्न गर्न आवश्यकपर्ने कृषि सामग्री, मसलन्द खाजा लगायतका करोडौं मूल्यका सामग्रीहरु स्थानीय बजारबाटै खरिद गरे तापनि सोझै बिक्रेतालाई भुक्तानी नगरी कर्मचारीलाई पेश्की दिएको पाइयो । सोझै बिक्रेतालाई भुक्तानी गरेको एउटै उदाहरण पाइएन । यसरी नियमको व्यबस्थालाई कडाईका साथ पालना गर्नुपर्ने देखिएको छ।

७. **आलु, तरकारी तथा मसला विकास कार्यक्रम :** कृषि प्रसार कार्यक्रम कार्यान्वयन निर्देशिका तथानर्मस् २०७२।७३ मा रष्टिक स्टोर निर्माण गर्नका लागि पांच मेट्रिक टन क्षमताका लागि कार्यसम्पन्न प्रतिवेदनको आधारमा स्थानीय दररेट अनुसार कूल लागतको पचास प्रतिशत वा रु.१,५०,०००।- सम्म अनुदान दिने र दश मेट्रिक टन क्षमताका लागि कार्यसम्पन्न प्रतिवेदनको आधारमा स्थानीय दररेट अनुसार कूल लागतको पचास प्रतिशत वा रु.२,७५,०००।– सम्म अनुदान दिने व्यबस्था बमोजिम रु.३,७५,२५०।– अनुदान दिएकोमा लागत अनुमान तथा सोको कार्यसम्पन्न प्रतिवेदन पेश भएको छैन । कार्यसम्पन्न प्रतिवेदन पेश गनु)पर्दछ ।

७.१. एक कर्मचारीको पेश्की रु.८,००,०००।– गर्दा युवा लक्षित व्यावसायिक तरकारी खेती कार्यक्रम अन्तर्गत १२३ जनाको निवेदन परेकोमा अनुभव, कार्ययोजना, सम्भाव्यता र लक्षित वर्ग आदिलाई आधार मानी २० जना उत्कृष्टलाई प्रति व्यक्ति रु.४०,०००।– नगद र रु.२७,०००।– कृषि सामग्रीखरिदको बिल समेत भुक्तानी गरेकोमा कार्यालयबाट अनुगमन निरीक्षण गरेको छैन ।

७.२. आयकर ऐन, २०५८ को दफा ८८(४) वमोजिम अन्तिम रुपमा हुने भुक्तानीमा १.५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । विभिन्न पार्टीहरुलाई बिभिन्न कार्यक्रम वापत भुक्तानी दिएकोमा रु.२५,८५४।-अग्रिम कर कट्टी गर्नुपर्नेमा गरेको छैन । सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्दछ ।

८. **सहकारी खेती साना सिंचाई तथा मल बीऊ ढुवानी कार्यक्रम** : कार्यालयको मल बीऊ ढुवानी कार्यको लागि बैठक, वोलपत्र मूल्यांकन, बोलपत्र खोल्न समितिको बिभिन्न समयमा भुक्तानी गरेको रु.६०,०००।- को १५ प्रतिशत रु.९,०००।- कर कट्टा गरेकोमा दाखिला गरेको नदेखिएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

९. **कर्णाली अंचल कृषि विकास कार्यक्रम** : एक कर्मचारीको रु.१,००,०००।- पेश्की फछ्र्यौट गर्दा कृषि प्रसार कार्यक्रम कार्यान्वयन निर्देशिका तथानर्मस् २०७२।७३ मा गरेको व्यबस्था भन्दा बढी बिल भरपाई पेश गरेको र सोही अनुसार पेश्की फछ्र्यौट गरेकोले बढी खर्च लेखेको रु.२७,१५०।- सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्दछ ।

९.१. एक कर्मचारीको रु.१,१८,०००।- पेश्की फछ्र्यौट गर्दा एक एग्रोभेटबाट रु.८७,२५०।- र लेखाली बहुउद्देश्यीय कृषक समूह सहकारी संस्था लि.भर्ता २ बाट रु.३४,१००। को कृषिजन्य वस्तु खरिद गरेकोमा कृषकलाई वितरण गरेको भरपाई राखेको छैन । कृषकले प्राप्त गरी कार्यसम्पन्न गरेको आश्वस्त हुने प्रमाण राख्नुपर्दछ ।

१०. **कृषि योजना अनुगमन तथा समन्वय कार्यकम** : कृषि विभागको च.न.५८ मिति २०७३।२।७ को अख्तियारी बमोजिम खर्च शीर्षक नम्वर २५५२९(विविध कार्यकम)मा रु १४ लाख वजेट विनियोजन भएको र अख्तियारीमा उक्त रकम राहत कार्यकम अर्न्तगत प्रभावित क्षेत्रका कृषकहरुलाई धान, मकै, कोदो ,गंहु, जौं, सिमी लगायतका वीउविजन वितरण गर्ने उल्लेख भएकोमा जिल्ला दैवि प्रकोप उद्धार समितिको २०७३।२।३२ को निर्णय न.६२७ तथा राहत कार्यकम कार्यान्वयन तथा अनुगमन कार्यविधि, २०७१ वमोजिम ३००१ घरधुरीलाई दामाशाहीले रु.१२ लाख ५७ हजार नगदै वितरण गरेको छ । उक्त रकम वीउविजन खरिद गर्न वितरण गरेकोमा कृषकहरुले वीउविजन खरिद गरी कार्यकमको उद्देश्य वमोजिम प्रयोगमा ल्याए/नल्याएको सम्वन्धमा अनुगमन गरी प्रतिवेदन राख्नुपर्नेमा राखेको छैन । तसर्थ उक्त रकमको खर्चको उपादेयता तथा उद्देश्य प्राप्त भएको प्रति आश्वस्त हुने अवस्था छैन ।

१०.१. कृषकहरुलाई एक दिने मकै उत्पादन सम्वन्धी तालिम संचालन गरेवापत एक कर्मचारीलाई प्रशिक्षण भत्ता वापत रु.१०,५००।- भुक्तानी गरेकोमा १५ प्रतिशतले कर कट्टी गरेको रु.१,५७५।- राजस्व खातामा दाखिला गरेको नदेखिएकोले असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

११. **कृषि प्रसार** : कृषि प्रसार कार्यकम अनुसार प्रथम चौमासिक अवधिको कार्यकम सि.न.५ मा व्यावसायिक सुन्तला विकास कार्यकमतर्फ पकेट क्षेत्र (मुग्राहा, गेला, सुकाटिया, भर्ता र मान्म), सि.न. ५.२ कृषि औजार वितरण गर्नका लागि रु.१,१५,०००।- वजेट विनियोजन भएकोमा एक कर्मचारीले सिकेचर/आरी २६ सेट रु.४,४२४।- का दरले रु.१,१५,०२४।- को सामान खरिद गरेको

विलभर्पाई संलग्न गरी पेश्की फछ्र्यौट गरेकोमा उक्त सामान किसानलाई वितरण गरेको पुष्टि हुने कागजात नराखेकोले खर्च प्रति आश्वस्त हुने अवस्था छैन ।

१२. **थप व्ययभार** : कृषि बिभागद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७२।७३ (कार्यक्रम सम्बन्धी नर्मस्) तथा बार्षिक कार्यक्रममा कृषकलाई दिने अनुदानमा कृषकको समेत निश्चित योगदान रहने गरी कार्यक्रम स्वीकृत भएको छ। कृषकबाट हुने योगदान रकम कार्यालयमा अग्रिम जम्मा गरी विनियोजित बजेट र उक्त अग्रिम प्राप्त रकमबाट सामान खरिद गरी कृषकलाई वितरण गर्नुपर्नेमा वितरित सामानको सबै मूल्य कार्यालयबाटै व्यहोर्ने गरेको छ। कृषकलाई आवश्यकपर्ने कृषि सामग्री, बीऊ बिजनमा केही योगदान कृषको रहने गरी नर्मस स्वीकृत भएकोमा सबै रकम कार्यालयले व्यहोरेको कारण रु.१२,५८,४१५।- थप व्ययभार परेको छ । कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेखित शर्त पूरा हुने गरी कार्यक्रम संचालन गरी व्ययभार घटाउनुपर्दछ।

## जिल्ला स्वास्थ्य कार्यालय

१. **दादुरा रुबेला :** नेपाल सरकारको राष्ट्रिय खोप कार्यक्रम ३३ जिल्लाका ९ महिना देखि १५ बर्षसम्मका बालबालिकाहरुलाई दादुरा रुवेलाको खोप अभियान अन्तर्गत कालीकोट जिल्लामा खोप संचालन गर्नका लागि एक कर्मचारीले २०७२।८।२२ मा लिएको पेश्की रु.२०,३२,०००।- मिति २०७३।३।३१ मा कार्यालयले फछ्र्यौट गरी लेखापरीक्षणको लागि पेश गरेकोमा कार्यक्रम बमोजिम गा.वि.स./वडागत खोप लगाएकोसंख्यात्मक विवरण साथै प्रगति विवरणको साथमा दै.भ्र.भ.खर्चको तेरिज विवरण राख्नुपर्नेमा नराखेकोले खर्चको वास्तविक स्थितिस्पष्ट छैन ।

२. **जापानिज इन्सेफलाइटिश खोप** : नेपाल सरकारको जापानिज इन्सेफलाइटिश खोप अभियानसंचालन गर्न छनौट भएका ४७ जिल्लाहरुका १ बर्ष देखि १५ बर्षमुनिका सबै बालवालिकाहरुलाई खोप प्रदान गर्ने कार्यक्रम बमोजिम२०७३ बैशाख २६ देखि शुरु गरी बढीमा एक महिना भित्र सम्पन्न हुने गरी खोप अभियान संचालन गर्न एक कर्मचारीले २०७३।१।७मा रु.२१,५०,०००।-लिएको पेश्की २०७३।३।३१ मा फछ्र्यौट गरेको छ । कार्यक्रम बमोजिम गा.वि.स./वडागत खोप लगाएका वालवालिकाको संख्यात्मक विवरण, प्रगति विवरण साथै सो कार्यमा खटिएका कर्मचारीहरुले प्राप्त गरेको दै.भ्र.भ.रकम भर्पाई समेतको विवरण राख्नुपर्नेमा नराखेकोले खर्चको लेखापरीक्षण वास्तविक स्थिति नभएको भनि बेरुजु औल्याएपछि बिल भरपाई, खर्चको तेरिज पेश भई रु.१९,४०,१९०।- फछ्र्यौट भएको छ । कर कट्टी दाखिलाको प्रमाण पेश नभएको रु.१०,०८०।-, पेश्की लिनु भन्दा अगाडीको भ्रमण विल संलग्न गरी पेश्की फछ्र्यौट गरेको रु.१,३७,७३०।- र सम्वन्धितले बुझी लिएको भरपाई पेश नभएको रु.६२,०००।- समेत रु.२,०९,८१०।- बेरुजु बाँकी रहेको छ। उक्त बेरुजु सम्बन्धमा कारवाही हुनु पर्दछ।

३. **आमा सुरक्षा** : आमा सुरक्षा कार्यक्रम वापत अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकीहरुलाई नर्मसमा तोकिए बमोजिम रकम अनुदान दिई खर्च लेख्ने गरेको छ। प्रसुति सेवा प्रदान गर्ने संस्थाले गुणस्तरीय सेवा दिए, नदिएको, सम्बन्धित बिरामीले पाउने रकम सजिलै पाए नपाएको जस्ता कार्यहरुको कार्यालयवाट अनुगमन तथा मूल्याङ्कन हुनुपर्नेमा सो गरेको छैन। प्रसूति सेवा उपलब्ध गराउने संस्थाले दिएको HMIS तथ्याङ्कको आधारमा नै पेश्की फछ्र्यौट गर्ने र थप रकम उपलब्ध गराउने गरेको देखियो । लक्षित वर्गलाई स्वास्थ्य सेवा उपलब्ध गराउन सरकारीस्तरवाट गरिएको लगानीबाट सरल र गुणस्तरीय सेवा प्राप्त गर्नु उनीहरुको अधिकार समेत भएकोले लगानी अनुरुपको सेवा पाएका छन् भनिविश्वस्त हुने आधार राख्नुपर्नेमा राखेको

छैन । आमा सुरक्षा कार्यक्रम कार्यविधि निर्देशिका वमोजिम सुपरीवेक्षण तथा अनुगमन क्षेत्रीयस्तरमा क्षेत्रीय स्वास्थ्य निर्देशनालयले गर्ने भन्ने उल्लेख भए तापनि सो वमोजिम गरेको छैन ।

३.१. बिभिन्न स्वास्थ्य संस्थाका प्रमुखहरुलाई आमा सुरक्षा कार्यक्रम सेवा प्रदान शोधभर्ना तथा यातायात खर्च वापत दिएको पेश्की रु.२३,८४,३००।- फछ्र्यौट गरेकोमा निम्नानुसार देखिएको:

(**क**) बिभिन्न कर्मचारीबाट रु.१,४०,७००।- नगदै फिर्ता प्राप्त भएको मध्ये पेश्की लिएको भन्दा बढी खर्च गरी शोधभर्ना माग गर्नेलाई रु.९६,२००।- भुक्तानी दिएको छ भने बांकी रु.४४,५००।- दाखिला नदेखिएकोले सम्बन्धित नगद जिम्मा लिने कर्मचारीबाट असुल गर्नुपर्दछ ।

(**ख**) पेश भएको फांटवारी, श्रेस्ता कागजातबाट उक्त खर्च रु.२३,८४,३००।- पुष्टि हुनेस्वास्थ्य चौकीगत श्रेस्ता अलग अलग गरी खर्चको तेरिज तयार गर्नुपर्नेमा सो नगरेकोले वास्तविक खर्च स्पष्ट छैन ।

(**ग**) एक कर्मचारीलाई पुनः रु.१,१२,५००।- पेश्की दिएकोमा फछ्र्यौट भएको नदेखिएको र पेश्की बांकीको विवरणमा समेत उल्लेख नगरेकोले उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्दछ।

४. **पुनर्जागरण कार्यक्रम :** जिल्ला अस्पताल, प्रा.स्वा.के. र स्वास्थ्य चौकीहरुको लागि ओ.पि.डी.टिकट छपाई र दर्ता शुल्क वापत अनुदान कार्यक्रमको लागि रु.९,००,०००।- बजेट व्यबस्था भएकोमा पूरै खर्च लेखेको छ । सो मध्ये स्वास्थ्य संस्थालाई रु.६,४८,३४३।- नगद अनुदान दिएको छ । स्वास्थ्य संस्थालाई पठाएको रकमबाट कार्यक्रममा तोकिएको लक्ष्य प्रगति भएको भनि विश्वस्त हुने विवरण राख्नुपर्नेमा नराखेकोले अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

५. **व्यबस्थापन कार्यक्रम :** व्यबस्थापन कार्यक्रम अन्तर्गत अस्पताल सेवा गुणस्तर सुदृढीकरण कार्यक्रमको लागि रु.२४,००,०००।- बजेट व्यबस्था भएकोमा सबै रकम खर्च भएको छ। अस्पताल विकास समितिको २०७२।११।५ को निर्णयले उक्त रकमलाई बिभिन्न ९ खर्च शीर्षकमा बांडफांड गरेको छ। समितिको २०७३।३।२ को निर्णयले उक्त बांडफांडलाई सामान्य संशोधन गरेको देखियो । अस्पताल विकास समितिले बांडफांड गरे तापनि कार्यालयले उपरोक्तानुसार खर्चको विवरण नराखेकोले बांडफांड अनुसार नै खर्च भएको यकिन गर्न सकिएन । सो खर्चबाट अस्पतालबाट प्रदान गरिने सेवाको गुणस्तरमा के कस्तो सकारात्मक प्रभाव परेको छ भन्ने सम्बन्धमा मूल्यांकन भएको छैन । समितिको आन्तरिक लेखापरीक्षण गराएको पनि छैन ।

५.१. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यबस्था छ । कार्यालय संचालनमा रु.१,००,०००।-, पानी बिजुलीमा रु.५०,०००।-, संचारमा रु.५०,०००।- र मर्मतमा रु.५०,०००।- समेत रु.२,५०,०००।- खर्च देखाएकोमा पेश भएको बिल भरपाईको जोडजम्मा गर्दा रु.२,१६,६२२।- मात्र हुनेमासोभन्दा बढी खर्च गरेको रु.३३,३७८।- सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

६. **कृषि तथा खाद्य सुरक्षा कार्यक्रम :** योजनाको तीन बर्ष पूरा भएको छ । आयोजना लागू भएका १९ जिल्लामा विशेष गरी तालिम तथा खाद्य/पोषण सम्बन्धी सचेतना (खाद्य सम्बन्धी बानी/व्यहोरामा परिवर्तन ल्याउने) मा जोड दिएकोले योजनाले लक्षित उपलब्धि हासिल गर्न सक्छ भनी विश्वस्त हुने आधार छैन ।

६.१. कार्यालय सामान वापत एक स्टेशनरी एण्ड सप्लायर्स, नेपालगंजलाई रु.६४,९३७- भुक्तानी खर्च लेखेकोमा सो खर्चलाई पुष्ट्याई हुने बिल भरपाई वेगर खर्च लेखेकोले सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्दछ ।

६.२. एक कर्मचारी २०७३।१।२१ देखि २०७२।१।२७ सम्म स्वास्थ्य सेवा बिभाग काठमाडौं काजमा जांदाको दै.भ्र.भ.रु.१८,०००।- समेत समावेश गरीरु.२,३३,५१४।-खर्च लेखेकोमारु.२,१५,००५।- को मात्र बिल भरपाई संलग्न गरेकोले बढी खर्च गरेको रु.१८,५०९।- सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्दछ ।

६.३. आयकर ऐन, २०५८ को दफा ८ वमोजिम कर्मचारीले प्राप्त गरेका सवै आयहरु आय विवरणमा समावेश गरी कुल निर्धारण योग्य आय तयार गर्नूपर्ने र सोही ऐन वमोजिम दिने छुट समायोजन गरी खुद आय निर्धारण गर्नुपर्ने व्यवस्था छ । सो अनुरुप कर्मचारीको पारिश्रमिक एवं विभिन्न सुविधाहरुलाई एकत्रित गरी कट्टी गर्नुपर्ने भन्दा घटि कट्टी भएको पारिश्रमिक कर रु.१,१७,९२२।- सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्दछ ।

७. **एड्स तथा यौनरोग नियन्त्रण कार्यक्रम** : एक कर्मचारीले मिति २०७२।९।३० मा एड्स तथा यौनरोग नियन्त्रण कार्यक्रम संचालन गर्न लिएको पेश्की रु.६,२६,०००।- फछ्र्यौट गरेको मध्ये मोटरसाइकल एक थान रु.१,६९,९००।-, सामसुङ्ग प्रिन्टर थान १ रु.३२,०००।-, अफिस चियर र कार्पेट रु.१९,३२९।-, गाडी रिजर्व खर्च रु.१०,०००।- र रारा जनरल अर्डर सप्लायर्स सुर्खेतबाट कार्पेट, किला, कांटाको बिल १५,५००।- समेत रु.२,८८,२५३।- खर्च लेखेको छ । एड्स तथा यौनरोग नियन्त्रणतर्फ कार्यक्रम गर्नको लागि बजेट विनियोजन भएकोमा मोटरसाइकल र प्रिन्टर जस्ता मेशिनरी सामान खरिद गरी खर्च गरेकोले रु.२,८८,२५३।-नियमसम्मत छैन ।

७.१. एक कर्मचारीले मिति २०७२।९।३० मा एड्स तथा यौनरोग नियन्त्रण कार्यक्रम संचालन गर्न लिएको पेश्की रु.६,२६,०००।- मध्ये रु.३,११,७४७।- फछ्र्यौट गर्दा अश्विन फेन्सी कलेक्शन कालीकोटबाट राडी रु.१५,०००।- को थान १, कम्वल रु.१२,०००।- को थान १, र रु.६,०००।- पर्ने थान ३ कम्वलको रु.१८,०००।- समेत जम्मा रु.४५,०००।- कार्यक्रम विपरीत खरिद गरेको र जिन्सी दाखिला समेत नभएकोले सम्बन्धितबाट असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

८. **बढी खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३ बमोजिम सम्बन्धित बजेट भित्रको रकम खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्नुपर्ने तथा नियम ३ अनुसार खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यबस्था छ । ख ६ खातातर्फ पन्ध्र गाविसमा गाविसस्तरीय एक दिने अभिमुखीकरण तालिम संचालन गर्न एक कर्मचारीले लिएको पेश्की रु.६,०७,५००।- फछ्र्यौट गरेकोमा १५ गाविसमा ९० जनालाई खाना खाजा वापत रु.४००।- का दरले १३५० जनाको रु.५,४०,०००।- को बिल भरपाई संलग्न रहेकोमा ११३५ जनाको मात्र उपस्थिति तथा हाजिरी देखिएकोले उपस्थिति तथा हाजिरी कम देखिएको २१५ जनाको रु.४००।- का दरले हुने रु.८६,०००।- असुल हुनुपर्दछ ।

९. **भण्डार परीक्षण** : लेखापरीक्षणको क्रममा अस्पतालको जिन्सी अभिलेख परीक्षण गरिएकोमा देखिएका व्यहोरा निम्नानुसार छन्:

९.१. जिल्ला स्वास्थ्य कार्यालय, स्वास्थ्य सेवा बिभाग र अन्य संस्थाबाट खरिद भई प्राप्त भएका अधिकांश औषधिको खोलमा (नेपाल सरकारबाट निःशुल्क वितरणको लागि) भन्ने वाक्यांशमा उल्लेख गरेको पाइएन । यसरी निःशुल्क वितरणको लागि भन्ने उल्लेख नगरेबाट उक्त औषधिहरु बजारमा गई

बिक्री वितरण भई दुरुपयोग हुनसक्ने सम्भावना देखिएकोले उल्लेखित व्यबस्थालाई अनिवार्यरुपमा पालना गर्नुपर्दछ ।

९.२. औषधिको जिन्सी अभिलेख परीक्षण गर्ने क्रममा रु.१,१५,३२,०७२।- मूल्यकाऔषधिहरु म्याद समाप्त भएको भनी नष्ट गरेको पाइयो । उक्त औषधिहरु स्वास्थ्य सेवा बिभाग तथा क्षेत्रीय मेडिकल स्टोरबाट प्राप्त भएको जानकारी हुन आयो । कार्यालय प्रमुख तथा जिन्सी प्रमुखसंग छलफल गर्दा माथिल्लो निकायबाट प्राप्त हुने अधिकांश औषधिहरु म्याद समाप्त हुने अवधि कम भएको अवस्थामा प्राप्त हुने गरेको, कतिपय औषधिहरु जिल्लामा खपत नहुने र जिल्ला स्वास्थ्य कार्यालयको माग भन्दा बाहिरको हुने हुनाले समेत यस्तो समस्या आउने गरेको जानकारी हुन आयो । यसप्रकारका सदस्या उत्पन्न नहुने गरी औषधि आपूर्तिको व्यबस्था सम्बद्ध निकायबाट हुनुपर्दछ ।

९.३. औषधिहरुको मौज्दात सम्बन्धमा कार्यालय व्यबस्थापनसंग छलफल गर्दा ११ प्रकारका औषधिहरु यस जिल्लाको वस्तुस्थिति, रोग र विगतको खपतको आधारमा अधिक मौज्दात रहेको पाइयो । स्वास्थ्य सेवा बिभागसंग समन्वय गरी त्यस्ता औषधिहरु अन्यत्र जिल्लामा हस्तान्तरण गरी प्रयोगमा ल्याउनुपर्दछ ।

१०. **पेश्की** : आर्थिक बर्षको अन्तसम्ममा पनि फछ्र्यौट नभई  बांकी रहेको पेश्की रु.४,७७,०००।- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ बमोजिम असुल फछ्र्यौट गर्नुपर्दछ ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७६(१) मा मालसामान खरिद गर्दा सोझै सम्बन्धित बिक्रेतालाई भुक्तानी दिनुपर्ने व्यबस्था छ । तर यस कार्यालयले सोझै बिक्रेतालाई भुक्तानी नदिई कार्यालयका कर्मचारीलाई पेश्की दिई भुक्तानी गर्ने गरेको पाइयो । यसरी भुक्तानी दिएको रकम रु.१,७४,५१,७०६।- रहेको छ । सोझै बिक्रेतालाई भुक्तानी गर्नुपर्ने नियमको व्यबस्थालाई कडाईका साथ पालना गर्नुपर्ने देखिएको छ ।

११. **लेखा** : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मानव संशाधन तथा वित्तीय व्यबस्थापन महाशाखाको पत्र संख्या म.सं.८/७८४ मिति २०७२।७।२३ को पत्रबाट लेखापालन तथा बजेट नियन्त्रण प्रणाली (कम्प्यूटर सफ्टवेयर) मा अनिवार्य लेखा राख्नुपर्ने गरी दिएको निर्देशन बेवास्ता गरेको पाइयो ।

## खानेपानी तथा सरसफाई सवडिभिजन

१. **अख्तियारी तथा कार्यक्रम** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ को उप-नियम (१) तथा (२) मा कार्यालयको उद्देश्य, लक्ष्य र स्वीकृत बजेट अन्तर्गत आफ्नो मन्त्रालय र अन्तर्गत संचालन हुने कार्यक्रम, मन्त्रालयले स्वीकृत गर्नुपर्ने एवं स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी सम्बन्धित मन्त्रालयले आर्थिक बर्ष शुरु भएको १५ दिनभित्र सम्वन्धित कार्यालयमा पठाउनु पर्नेमा १५ वटा खरिद सम्झौताहरु मध्ये दोश्रो चौमासिकमा ४ तथा तेश्रो चौमासिकमा ११ वटा र आषाढमा मात्र ३ वटा सम्झौता भएको देखिन्छ । प्रथम चौमासिकमा सबै खरिद सम्झौता नहुंदा आर्थिक वर्षको अन्ततिर सार्वजनिक खरिद सम्बन्धी कारबाहीमा चापपर्ने देखिन्छ । आर्थिक बर्षको शुरुमै अख्तियारी तथा कार्यक्रम प्राप्त भएको अवस्थामा समेत खरिद कार्य ढिला गर्ने लागत अनुमान अद्यावधिक गर्न ढिलाई गर्ने र उपभोक्ता समितिलाई सम्झौताको लागि समयमै आव्हान नगरी बैशाखजेष्ठमा सम्झौता गर्ने र आर्थिक बर्षको अन्तमा काम गराई खर्च लेख्ने गरेको देखिएको छ । यस्तो अवस्थमा सुधार हुनुपर्दछ ।

२. **चौमासिक तथा आषाढ महिनाको खर्च** : कार्यालयलाई प्रदान गरिएको वार्षिक कार्यक्रम तथा अख्तियारी अनुसार प्रथम, दोस्रो तथा तेस्रो तीनवटै चौमासिकमा सञ्चालन गरिने

कार्यक्रम/क्रियाकलाप तथा सोका लागि लाग्ने बजेट खर्चको सीमा निर्धारण गरिएकोमा कार्यालयले कुल खर्च गरेको रु.७,३९,९२,००।- मध्ये तेस्रो चौमासिकमा विभिन्न कार्यक्रममा ७७प्रतिशतदेखि ९६ प्रतिशतसम्म रु.६,८१,४५,०००।- तथा असार महिनामा मात्र ६५ प्रतिशत देखि ९६ प्रतिशतसम्म रु.४,८५,३८,०००।- खर्च गरेको पाइयो । यसरी आर्थिक वर्षको अन्ततिर मात्र अधिक मात्रामा कार्यसञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दीगोपनामा समेत नकारात्मक असरपर्ने स्थिति रहने देखिन्छ । यस वर्ष तेस्रो चौमासिक तथा आषाढमहिनामा भएको खर्चको स्थिति देहाय अनुसार छ। समयमा खरिद व्यबस्थापन गरी खर्च गर्नुपर्दछ ।

३. **खरिद गुरु योजना :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ उपनियम १ मा सार्वजनिक निकायले एक वर्ष भन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाका लागि खरिद गर्दा वा वार्षिक रु. दस करोड भन्दा बढी रकमको खरिद गर्दा सोही नियमको उपनियम १ मा उल्लेखित कुरा खुलाई खरिद गुरुयोजना तयार गरी सम्बन्धित मन्त्रालयको सचिववाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । यस कार्यालयबाट सञ्चालित अधिकांश खानेपानी आयोजनाहरुको निर्माण अवधि एक वर्ष भन्दा बढी रहेकोमा नियमावलीको उपर्युक्त प्रावधान अनुसार खरिद गुरुयोजना तयार गरेको पाइएन ।

४. **वार्षिक खरिद योजना :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ उपनियम (१) वमोजिम सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयां भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । साथै सोही नियमको उपनियम ५ मा चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा वजेट प्राप्त भएपछि सो अनुरुप यस नियमावली बमोजिम तयार भएको वार्षिक खरिद योजना परिमार्जजन गरी स्वीकृत गर्नुपर्ने व्यवस्था छ । साथै कार्यालयले बजेट उपशीर्षकगत खरिद योजना तयार गरेको भए तापनि निकायको एकमुष्ठ खरिद योजना तयार गरेको पाइएन । खरिद योजना नबनाएको कारण पाइप तथा फिटिङ्गसहरु १५ पटक खरिद गरेको देखिन्छ । उक्त खरिद कार्यमा नै अधिक समय व्यतित भएको छ । उक्त खरिद मध्ये २०७३ आषाढमा मात्र रु.९६,७९,४६७।- को खरिद गरेको देखिन्छ । तसर्थ कार्यालयले एकमुष्ठ खरिद योजना तयार गरी खरिद कार्यमा अधिक प्रतिस्पर्धा हुने अवस्था श्रृजना गर्नुपर्दछ ।

५. **वार्षिक लक्ष्य तथा प्रगति :** यो वर्ष ३२ वटा खानेपानी आयोजना निर्माणको लागि लक्ष्य तोकिएकोमा समग्रमा ८७.५० प्रतिशत प्रगति देखिए तापनि धौलागह खानेपानी योजनामा १३ प्रतिशत, लालु खानेपानी योजनामा ४७ प्रतिशत, रुताधनौदी खानेपानी योजनामा ७० प्रतिशत, जुविथा खानेपानी योजनामा ७६ प्रतिशत, ओखलढुंगा खानेपानी योजनामा ७२ प्रतिशत, बदालकोट खानेपानी योजनामा ५६ प्रतिशत र धावनखोला खानेपानी योजनामा ८ प्रतिशत मात्र प्रगति देखिएको छ । लक्ष्य बमोजिम प्रगति हासिल गर्नेतर्फ ध्यान जानुपर्ने देखिएको छ ।

६. **समग्र प्रगति स्थिति :** हरेक आयोजना सम्पन्न गर्न लाग्ने अवधि तथा लागतको आधारमा वार्षिक लक्ष्य निर्धारण गरी आवश्यक स्रोतको सुनिश्चितता पश्चात् आयोजना सञ्चालन गरिनु पर्दछ । यस कार्यालय अन्तर्गत सम्भाव्यता अध्ययन भई सञ्चालित अधिकांश आयोजनाहरुको सम्पन्न गर्ने अवधि, कूल लागत तथा वार्षिक लक्ष्य निर्धारण एवं बजेट विनियोजन बीच सामाञ्जस्यता रहेको देखिएन । आर्थिक बर्ष २०६८।६९ भन्दा अगाडि देखि निर्माण शुरु गरिएको १२ योजना समेत हालसम्म पनि पुरा हुन नसकेको तथा तोकिएको समयमा सम्पन्न हुने स्थिति छैन । ती योजनाहरुमा

२३ देखि ७५ प्रतिशतसम्म प्रगति भएको छ। ती योजनाहरुको लागत अनुमान रु.३०,४०,९९,०००।- रहेकोमा २०७२।७३ सम्मको खर्च रु.११,२३,८४,०००।- हजार खर्च भएको छ ।

७. **नापी किताब** : खानेपानी तथा ढल निकास विभागको मिति ०६३।१।३१ को परिपत्रानुसार सम्वन्धित योजनाको नाममा खरिद गरिएका पाइपहरु आयोजनामा जडान/खपत प्रमाणित भए पछि जिन्सी मौज्दात कट्टा गर्नु पर्ने प्रकृया तोकिदिएको छ । कार्यालयले यसवर्ष जिन्सी खाताबाट खर्च जनाई सम्वन्धित योजनाको लागि निकासा गरिएका रु.८,०८,१७८।- पाइपहरु सम्वन्धित योजनाहरुको नापीकितावमा खपत जडान गरेको प्रमाण पेश भएको छैन । उक्त पाइपहरु सम्वन्धित योजनामा जडान गरेको प्रमाण हुनुपर्दछ । यसरी उपभोक्तालाई हस्तान्तरण गरेको पाइपको सहायक खाता राखिएको उल्लेखित योजनाहरु क्रमागत रहेको र २०७२।७३ मा सम्झौता भएको रकम उपभोक्तालाई भुक्तानी गर्न बांकी नै रहेकोले उक्त पाइपहरुको हिसाव मिलान गरिने कार्यालयले जनाएको छ ।

८. **उपभोक्ता समिति** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (१) अनुसार साठी लाख रुपैयांसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता वा लाभग्राही समुदायबाट गराउन सकिने व्यवस्था गरेको छ । कार्यालयले संचालन गर्ने कार्यक्रममा १२ योजनाको लागत अनुमान साठीलाख रुपयांभन्दा बढी रहेका छन । यसरी साठीलाख रुपैयांभन्दा बढी लागत अनुमान भएका खानेपानी आयोजनाहरुको बार्षिक कार्यक्रम तथा बजेट अनुसार पटकपटक सम्झौता गरी निर्माण कार्य गराएको पाइयो । त्यस्ता खानेपानी आयोजनामा रिर्जभ्वायर टंकी, कलेक्शन च्याम्बर जस्ता संरचनाको निर्माण हुने गरेका छन । त्यस्तो संरचना उपभोक्ता समितिबाट गराउंदा खरिद ऐनको व्यवस्था पालना नहुने स्थिति देखियो । खरिद नियमावलीको व्यवस्था बमोजिम खानेपानी आयोजना निर्माण कार्य गर्नुपर्दछ ।

९. **पेश्की** : एक कर्मचारीलाई सरसफाई कार्यक्रम गर्न रु.१,५०,०००।- ख ६ खाता (कार्यसंचालन कोष) बाट पेश्की उपलव्ध गराएकोमा आर्थिक बर्षको अन्तसम्म पनि बांकी रहेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ बमोजिम असुल फछ्र्यौट गर्नुपर्दछ ।

१०. **धरौटीतर्फ** : आर्थिक कार्यविधि नियमावली, २०६४ को ६४ र ६७ मा धरौटी रकम राजस्व दाखिला गर्ने सम्बन्धी व्यबस्था छ । सो अनुसार प्रयोजन समाप्त भएका अथवा उक्त नियमावली लागू हुनुभन्दा अगाडिको धरौटी राजस्व दाखिला गर्नुपर्ने उल्लेख भए तापनि आ.व.२०५२।५३ देखि २०७२।७३ सम्मको खानेपानी उपभोक्ता समिति, व्यक्ति र अन्य फर्महरुको व्यक्तिगत धरौटी रु.४८,९८,४१६।- बांकी रहेकोमा आर्थिक बर्ष २०५२।५३ देखि २०७०।७१ सम्मको ७८ फर्म तथा संस्थाको रु.२१,३३,२१७।- हालसम्म फिर्ता लिन नआएकोले धरौटी मौज्दात भै रहेको छ । उक्त धरौटीहरुको प्रयोजन यकिन गरी प्रयोजन समाप्त भएका धरौटीहरु सदरस्याहा गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

## जिल्ला पशु सेवा कार्यालय

१. **लक्ष्य प्रगति** : प्रगति विवरण तयार गर्दा वित्तीय खर्च र सो वित्तीय खर्चबाट भएको भौतिक प्रगति खुल्ने गरी तोकिएको ढाचांमा प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले वित्तीय खर्चको प्रगति विवरण तयार गरे पनि वित्तीय र सो खर्चबाट भएको भौतिक परिमाण खुलाएको छैन । भौतिक परिमाण नखुलेकोले वित्तीय खर्च अनुसार भौतिक परिमाण सही छ भनी यकिन गर्न सक्ने

अवस्था छैन । वित्तीय खर्चबाट भएको भौतिक प्रगति सही छ भनी यकिन गर्न भौतिक परिमाण समेत खुलाई प्रगति विवरण तयार गर्नुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण व्यबस्था :** प्रचलित ऐन नियमले गरेको व्यबस्थाको पूर्णतः पालना गरी आन्तरिक नियन्त्रण व्यबस्थालाई सहज बनाउनुपर्दछ । खरिद विधि छनौट समय, प्रक्रिया, स्पेशिफिकेशन र लागत गणना गरी योजना तयार गर्नुपर्नेमा नगरेको, सम्पत्तिको मूल्य खुलाई अभिलेख व्यवस्थित गर्नुपर्नेमा नगरेको,जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित व्यहोराको कार्यान्वयन गर्नुपर्नेमा नगरेको,सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको उपाय अवलम्वन गर्नुपर्नेमा नगरेको, रु.५,०००।– भन्दा बढीको मालसामान पटक पटक खरिद गर्दा मू.अ.करमा दर्ता नभएका फर्म, सप्लायर्ससंग खरिद गरेको, पेश्की दिंदा के कुन कार्यक्रमको लागि के कति आवश्यकपर्ने हो स्पष्ट खुलाउनुपर्नेमा नखुलाएको, सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५ बमोजिम तालुक निकायबाट निरीक्षण गर्ने नगरेको, बर्षभरि संचालन हुने तालिमको कार्यतालिका बनाउनुपर्नेमा नबनाएकोले आन्तरिक नियन्त्रण व्यबस्था कमजोर देखिएकोले यसमा सुधार गर्नुपर्दछ ।

३. **कार्यक्रम अनुगमन :** जिल्लास्थित पशुपंक्षीपालन कार्यमा संलग्न कृषकलाई प्रत्यक्षरुपमा पशुपंक्षी पालन कार्यसंग सम्बन्धित सामग्रीहरु खरिद गरी अनुदान दिने तथा नगदै अनुदान दिने कार्यक्रम अनुसार २०७२।७३ मा निम्न कार्यक्रमको लागि रु.१,८१,१३,०००।- अनुदान उपलब्ध गराएको पाइयो । कृषकलाई उपलब्ध गराएको अनुदानबाट कृषकको आयस्तर तथा जीवनस्तरमा आएको सुधार सम्बन्धमा मूल्यांकन गरी सो कार्यक्रमलाई निरन्तरता दिनुपर्ने हो होइन भन्ने सम्बन्धमा अनुगमन, मूल्यांकन गर्नु जरुरी देखिएको छ ।

४. **कृषि तथा खाद्य सुरक्षा :** साना अनुदान कार्यक्रम अन्तर्गत क्रियाशिल कुखुरापालन समूह, चिल्खाया गाविस वडा नं.३ लाई ह्याचरी मेशिन खरिद गर्न रु.३,००,०००।- अनुदान भुक्तानी भएकोमा उक्त मेशिन खरिद गरेको पाइएन । उक्त मेशिन खरिद गरी उपयोगमा ल्याउनुपर्दछ ।

५. **कर्णाली अंचल कृषि विकास आयोजना :** बाखा पैंचो साटासाट कार्यक्रम २ प्याकेजमा १०० परिवारलाई दिने कार्यक्रम अनुसार दुई समूहका सदस्यहरुलाई रु.२०,९०,०००।- मूल्यका ३०० बाखा र १० बोका खरिद गरी वितरण गरेकोमा एउटा समूहले कार्यक्रम सम्पन्न गरेपछि अर्को समूहलाई बाखा पैंचो साटासाट हुनुपर्नेमा सो गरेको छैन । उद्देश्य अनुरुप कार्यक्रम संचालन भए नभएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

५.१. आयकर ऐन, २०५८ को दफा ८८(४) बमोजिम अन्तिम रुपमा हुने भुक्तानीमा १.५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नुपर्ने व्यबस्था रहेको छ । बिभिन्न फर्मलाई सामान खरिद तथा ढुवानी भाडा भुक्तानी गर्दा कट्टा गर्नुपर्ने रु.२६,२२५।-कर कट्टी गरेको नदेखिएकोले सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

६. **पशु प्रसार :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ अनुसार आर्थिक वर्ष भित्र खर्च नभई वांकी रहन आएको रकम कोष तथा लेखानियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आर्थिक वर्षको अन्तमा १ कृषक समूहलाई रु.४८,५००।- निकासा दिई बैंक खाता रोक्का गरेको छ । यसरी आर्थिक वर्षको अन्तमा फ्रिज हुनुपर्ने रकम फ्रिज नगरी खातामा निकाशा दिई रोक्का राख्ने कार्य नियमसम्मत छैन ।रकमकोउपयोग स्सिथति स्पष्ट गरी अनुगमन प्रतिवेदन राख्नुपर्दछ ।

७. **सोझै खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ अनुसार यो ऐन अनुसार वनेको नियम अनुसार खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुका टुका पारी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले यस वर्ष रु.२२,८४,३३३।- मूल्यका सामान पटक पटक गरी सोझै औषधि खरिद गरेको छ । ऐन, नियमको व्यबस्था बमोजिम प्रतिस्पर्धा हुने गरी खरिद व्यबस्थापन गर्नुपर्दछ ।

८. **भरपाई:** जिल्ला पशुसेवा कार्यालय कालीकोटद्धारा मिति २०७२।६।१२ मा आयोजना गरिएको १ दिने जिल्लास्तरीय वार्षिक कार्यक्रमको सार्वजनिकीकरण तथा कार्यक्रम सम्वन्धी परिचयात्मक गोष्ठीमा प्रशिक्षण भत्ता वितरण गरेकोमा ५ जना प्रशिक्षकले रु.६,३७५।-भत्ता वुझेको नदेखिएकोले असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

९. **कर दाखिला :** बिभिन्न कार्यक्रम संचालन गरेवापत भुक्तानी गर्दा कट्टा गरिएको कर रु.९,४८०। राजस्व खातामा दाखिला गरेको नदेखिएकोले सम्बन्धितबाट असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

१०. **पेश्की कारोवार:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७६(१) मा मालसामान खरिद गर्दा सोझै सम्बन्धित बिक्रेतालाई भुक्तानी दिनुपर्ने व्यबस्था छ । तर यस कार्यालयले सोझै बिक्रेतालाई भुक्तानी नदिई कार्यालयका कर्मचारीलाई पेश्की दिई रु.८१,२१,५००।- भुक्तानी गर्ने गरेको पाइयो । सोझै बिक्रेतालाई भुक्तानी गर्नुपर्ने व्यबस्थालाई कडाईका साथ लागू गर्नुपर्दछ ।

## महिला तथा बालवालिका कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यबस्था :** प्रचलित ऐन नियमले गरेको व्यबस्थाको पूर्णतः पालना गरी आन्तरिक नियन्त्रण व्यबस्थालाई सहज बनाउनुपर्दछ । कार्यालयले खरिद विधि छनौट समय, प्रकिया, स्पेशिफिकेशन र लागत गणना गरी योजना तयार गर्नुपर्नेमा नगरेको, सम्पत्तिको मूल्य खुलाई अभिलेख व्यवस्थित गर्नुपर्नेमा नगरेको,जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित व्यहोराको कार्यान्वयन गर्नुपर्नेमा नगरेको,सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको उपाय अवलम्वन गर्नुपर्नेमा नगरेको, रु.५०००।– भन्दा बढीको मालसामान पटक पटक खरिद गर्दा मू.अ.करमा दर्ता नभएका फर्म, सप्लायर्ससंग खरिद गरेको, पेश्की दिंदा के कुन कार्यक्रमको लागि के कति आवश्यकपर्ने हो स्पष्ट खुलाउनुपर्नेमा नखुलाएको, सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५ बमोजिम तालुक निकायबाट निरीक्षण गर्ने नगरेको, बर्षभरि संचालन हुने तालिमको कार्यतालिका बनाउनुपर्नेमा नबनाएकोले आन्तरिक नियन्त्रण व्यबस्था कमजोर देखिएकोले यसमा सुधार गर्नुपर्दछ ।

२. **अनुगमन :** साझा व्यवसाय अनुदान वापत ३ बचत तथा ऋृण सहकारी संस्थालाई रु.५,५०,०००।- अनुदान उपलव्ध गराएकोमा उक्त अनुदानको सदुपयोग सम्बन्धमा कार्यालयबाट अनुगमन तथा मूल्यांकन हुनुपर्ने देखिन्छ ।

३. **पेश्की :** आर्थिक बर्षको अन्त्यसम्म फछ्र्यौट नभई बांकी रहेको एक संस्थाको पेश्की रु.२,२३,६९२।- आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम असुल फछ्र्यौट हुनुपर्दछ ।आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७६(१) बमोजिम कार्यालयले सोझै बिक्रेतालाई भुक्तानी नदिई कार्यालयका कर्मचारीलाई पेश्की दिई रु.४,११,४१९।- भुक्तानी गर्ने गरेको छ । सोझै बिक्रेतालाई भुक्तानी गर्नुपर्ने नियमको व्यबस्थालाई कडाईका साथ पालना गर्नुपर्दछ ।

## जिल्लावन कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यबस्था** : प्रचलित ऐन नियमले गरेको व्यबस्थाको पूर्णत: पालना गरी आन्तरिक नियन्त्रण व्यबस्थालाई सहज बनाउनुपर्दछ । खरिद विधि छनौट समय, प्रक्रिया, स्पेशिफिकेशन र लागत गणना गरी योजना तयार गर्नुपर्नेमा नगरेको, सम्पत्तिको मूल्य खुलाई अभिलेख व्यवस्थित गर्नुपर्नेमा नगरेको,जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित व्यहोराको कार्यान्वयन गर्नुपर्नेमा नगरेको,सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको उपाय अवलम्वन गर्नुपर्नेमा नगरेको, रु.५०००।– भन्दा बढीको मालसामान पटक पटक खरिद गर्दा मू.अ.करमा दर्ता नभएका फर्म, सप्लायर्ससंग खरिद गरेको, पेश्की दिंदा के कुन कार्यक्रमको लागि के कति आवश्यकपर्ने हो स्पष्ट खुलाउनुपर्नेमा नखुलाएको, सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५ बमोजिम तालुक निकायबाट निरीक्षण गर्ने नगरेको, बर्षभरि संचालन हुने तालिमको कार्यतालिका नबनाएकोले आन्तरिक नियन्त्रण व्यबस्था कमजोर देखिएकोले यसमा सुधार गर्नुपर्दछ ।

२. **कार्यक्रम** : बिभिन्न ९ बजेट उपशीर्षकमा रु.२,५७,०२,३६९।- खर्च गरेको मध्ये विरुवा उत्पादन कार्यमा रु.२९,३०,०००।-, तालिम, गोष्ठी, अभिमुखीकरण, समूह गठन जस्ता कार्यक्रममा रु.८८,१७,६८४।-, औजार उपकरण खरिदमा रु.७,७५,०००।-,पूंजीगत सुधारमा कार्यमा रु.३,५०,०००।-, तलब भत्ता लगायत कार्यालय संचालनमा रु.१,२८,२९,६८५।- खर्च गरेको देखिएको छ । कार्यक्रम खर्च मध्ये ठूलो अंश तालिम, गोष्ठी, समूह गठन जस्ता काममा खर्च भएको छ । बिरुवा उत्पादन ३,२०,००० गरेको भनी रु.२९,३०,०००।- खर्च भएको छ । उत्पादित बिरुवा रोपणको लागि बिभिन्न समूहमा बिरुवा वितरण गरे तापनि रोपण गरेको सुनिश्चित गरेको पाइएन । प्रत्येक बर्ष वितरण भएका बिरुवाको रोपण तथा संरक्षण अवस्था सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार हुनुपर्दछ । यस्तै कार्यक्रम खर्च मध्ये सचेतना सम्बन्धी (तालिम, गोष्ठी, अभिमुखीकरण) आदिमा ठूलो रकम खर्च गरेको पाइयो । उपलब्धिमूलक तथा मूल्यांकन, मापन गर्न सकिने कार्यक्रम संचालनमा जोड दिनुपर्दछ ।

३. **खर्च शीर्षक** : बहुसरोकारवाला बन कार्यक्रममा खर्च संकेत नं.२९६११ सार्वजनिक निर्माण शीर्षकमा रु.१,१९,९१,०००।- बजेट व्यबस्था भएकोमा रु.१,१२,८०,६८४।- खर्च गरेको छ । सो खर्च अन्तर्गत बिरुवा उत्पादन वृक्षारोपण र औजार उपकरण खरिद, पर्खाल संरक्षण, मर्मत जस्ता पूंजीगत प्रकृतिको कार्यमा रु.३०,७५,०००।- खर्च भएको छ भने बांकी रु.८२,०५,६८४।- तालिम, गोष्ठी, अभिमुखीकरण, समूह गठन जस्ता चालु प्रकृतिको काममा खर्च भएको छ । महालेखा नियन्त्रण कार्यालयद्धारा प्रकाशित खर्चको संकेत तथा बजेट बर्गीकरण अनुसार खर्चको प्रकृति अनुसारको मिल्दो खर्च संकेत नम्वरमा बजेट माग तथा विनियोजन हुनपर्नेमा सो अनुसार भएको पाइएन । कामको प्रकृति अनुसारको खर्च संकेत नम्वरमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ ।

४. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८८(४) वमोजिम अन्तिमरुपमा हुने भुक्तानीमा १.५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले एकफर्मलाई भुक्तानी गर्दा अग्रिम कर रु.३,०८०।- कट्टी नगरेको सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्दछ ।

५. **मूल्य अभिवृद्धि कर** : कार्यालयले एक निर्माण सेवा एण्ड अर्डर सप्लायर्सलाई खाद्यान्न आपूर्ति गर्दा २०७२ श्रावण देखि २०७३ आषाढसम्म मूल्य अभिवृद्धि कर रु.१,९३,९३५।- समेत रु.१६,८५,७४१।- खर्च लेखेकोमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को ६(क) अनुसार मू.अ.कर भुक्तानीको जानकारी आन्तरिक राजस्व कार्यालयलाई नदिएको साथै मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा

१४(१) बमोजिम कर बीजकमा बीजक नम्वर समेत नराखेकोले मूल्य अभिवृद्धि कर रु.१,९३,९३५।- समायोजन गरेको प्रमाण राख्नुपर्दछ ।

६. **पेश्की कारोवार** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७६(१) मा मालसामान खरिद गर्दा सोझै सम्बन्धित बिक्रेतालाई भुक्तानी दिनुपर्ने व्यबस्था छ । कार्यालयले सोझै बिक्रेतालाई भुक्तानी नदिई कार्यालयका कर्मचारीलाई पेश्की दिई रु.८१,३१,०२०।- भुक्तानी गरेको छ । सोझै बिक्रेतालाई भुक्तानी गर्नुपर्ने नियमको व्यबस्थालाई कडाईका साथ पालना गर्नुपर्ने देखिएको छ ।

## अस्पताल विकास समिति

१. **अनुमोदन तथा खर्च समर्थन** : अस्पतालतर्फ आ.व.२०७२।७३ मा प्राप्त हुने आय तथा खर्चको प्रस्ताव तयार गरी समितिबाट स्वीकृति लिनुपर्नेमा समितिले प्रस्ताव तयारी गरेको तथा स्वीकृत गरेको देखिएन । साथै आ.व.२०७२।७३ मा भएको खर्चको समर्थन समेत गरेको देखिएन । समितिको गत बर्षको जिम्मेवारी रु. ९२७६९६।५७ मा यो वर्षको आम्दानी रु.२३४५९२०।- समेत जम्मा आम्दानी रु.३२७३६१७।- मा खर्च रु.२६६८४८९।- कटाई बैंक मौज्दात रु.६०५१२८।- बांकी देखिन्छ । उक्त खर्च आय व्ययको अनुमानसंग भिडान गर्ने, घटी वढीको खर्च सर्मथन गर्ने र आगामी वर्षको बजेट समेत तयार गर्नुपर्नेमा गरेको छैन । समितिवाट यो वर्ष भएको खर्च रु.२३६८४८९।- र बांकी रकमको समर्थन गराई राख्नुपर्नेमा सो गरेको छैन ।

२. **रसीद प्रयोग** : यस अस्पताल विकास समितिले यो बर्ष बिभिन्न शीर्षकमा आम्दानी गरेकोमा रसीद नं.१४४०१ देखि १५००० सम्मका १ प्याड रसीद पेश हुन नआएकोले उक्त रसीद प्रयोग भए/नभएको, प्रयोग भएको भए आम्दानी भए/नभएको स्पष्ट गर्नुपर्दछ ।

## पश्चिम उच्चपहाडी गरिबी निवारण आयोजना

१. **अनुगमन** : पश्चिम नेपालका उच्च पहाडी जिल्लाहरुमा गरिबी न्यूनीकरण गर्ने उद्देश्यले यो कार्यक्रम २०६९।७० बाट लागू भै २०७२।७३ मा समाप्त भएको छ । बीऊ पूंजी कोष संचालनको लागि १५ सहकारी संस्थालाई रु.६१,४१,५००।- र आय आर्जनको लागि १५ सहकारी संस्थालाई रु.१,५७,२१,०००।- अनुदान दिएकोमा उक्त रकमबाट संचालित कार्यक्रम, खर्चको विवरण, भौतिक प्रगति स्थिति सम्बन्धमा जिल्ला विकास समितिबाट अनुगमन गरी मूल्यांकन गर्नुपर्ने देखिएको छ ।समूहमा आय आर्जन कार्यक्रम अन्तर्गत फलफूल, डालेघांस लगायतका बिरुवा खरिद गरी निम्नानुसार रु.२८,८१,५००।- खर्च लेखेको छ । उक्त बिरुवाहरु खरिद गरी कार्यक्रमका सामाजिक परिचालकहरुलाई बुझाएको आधारमा खर्च लेखेको छ । ती बिरुवाहरु सम्बन्धित कृषकहरुले प्राप्त गरे नगरेको, बिरुवा रोपण गरे नगरेको र उचित संरक्षण गरे नगरेको सम्बन्धमा जिल्ला विकास समितिबाट अनुगमन हुनुपर्दछ ।

२. **बढी खर्च** : एक कर्मचारीले लिएको पेश्की रु.१,००,०००।– फछ्र्यौट गरेकोमा व्याग खरिद ३५ थानको रु.७९,१००।-, दराज खरिद रु.१३,०००।- र ढुवानी खर्च २ वटा बिलको रु.३,५००।- गरी जम्मा रु.९५,६००।- को बिल भरपाई पेश गरेकोले बिल भरपाई भन्दा बढी खर्च लेखेको रु.४,४००।- निजबाट असुल गर्नुपर्दछ ।

३. **असुल** : नेतृत्व विकास सम्बन्धी तालिमको लागि एक सामाजिक परिचालकले लिएको पेश्की रु.६,६३,६५०।- फछ्र्यौट गरेकोमा तालिमका प्रशिक्षक भत्ता, हलभाडा लगायतका खर्चमा रु.३६,७४६।- अग्रिम कर कट्टा गरेकोमा रु.२६,८९९।- मात्र दाखिला गरेकोले घटी दाखिला गरेको रु.९,८४७।- असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।कार्यालय सामान खरिद गर्न एक कर्मचारीले

लिएको पेश्की रु.५०,०००।- फछ्र्यौट गरेको रु.२९,३८०।- को मात्र बिल पेश गरी सामान दाखिला गरेकोले बिल भरपाई भन्दा बढी पेश्की फछ्र्यौट गरेकोमा रु.२०,६२०।- असुल गरी बेरुजू खातामा दाखिला हुनुपर्दछ ।

४. **पुस्तक दाखिला** : आयोजनाको तेश्रो चरणको उपलब्धि सम्बन्धी पुस्तक नवदुर्गा छापाखाना नेपालगंजबाट छपाई गरेको भनी रु.१,००,०००।- खर्च लेखेकोमा उक्त पुस्तक कार्यालयमा दाखिला भएको पाइएन । लेखापरीक्षणमा माग गरिएकोमा समेत उपलब्ध हुन नसकेकोले पुस्तक दाखिला हुनुपर्ने अन्यथा असुल हुनुपर्दछ ।

५. **पेश्की कारोवार** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(८) मा सोझै बिक्रेतालाई भुक्तानी दिनुपर्ने व्यबस्था रहेको छ । कार्यक्रमबाट संचालन भएको आयआर्जन, तालिम, बिरुवा खरिद, कार्यालय सामान खरिद जस्ता कामको लागि यो बर्ष रु.३,१२,९९,६५४।- कर्मचारी तथा संस्थालाई पेश्की दिई खर्च लेखेको छ । स्थानीय बजारबाट खरिद गर्दा समेत बिक्रोतालाई सिधै भुक्तानी नदिई कर्मचारीलाई भुक्तानी दिने हालको कार्यप्रणालीमा सुधार गर्नुपर्दछ ।

६. **दाखिला प्रमाण** : बिभिन्न भुक्तानीमा कर कट्टा गरेको रकम रु.१,५७,५०७।- सम्बन्धित राजस्व खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

## आन्तरिक लेखापरीक्षण

यस जिल्ला अन्तरगत २९ कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यलयबाट सम्पन्न भएको छ । आन्तरिक लेखापरीक्षण प्रतिवेदनअनुसार २८ कार्यालयको बेरुजू नदेखिएको जनाएको छ । जिल्ला शिक्षा कार्यालयको आन्तरिक लेखापरीक्षणबाट कायम भएको बेरुजु कार्यालयगत लेखापरीक्षण खण्डमा समावेश छ ।

**(गोबिन्दप्रसाद बराल)**

**नायब महालेखापरीक्षक**

*अनुसूची १*

## लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अंक

**लेखापरीक्षण विधिः विस्तृत** (रु लाखमा)

| क्र.स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १ | कोष तथा लेखा नियन्त्रक कार्यालय | ६१ | २१४ | ६ | ७ | २८८ |
| २ | जिल्ला कृषि विकास कार्यालय | ७६१ | ९ | ३ | ३७ | ८१० |
| ३ | जिल्ला पशु सेवा कार्यालय | ४२६ | १ | २ | ३० | ४५९ |
| ४ | जिल्ला प्रशासन कार्यालय | १६० | २ | ३ | १४२ | ३०७ |
| ५ | जिल्ला प्रहरी कार्यालय | ९९६ | ५ | ११ | ५ | १०१७ |
| ६ | कारागार कार्यालय | ४८ | ० | ० | ० | ४८ |
| ७ | जिल्ला बन कार्यालय | २५७ | ५ | ४ | ८ | २७४ |
| ८ | महिला तथा वालवालिका कार्यालय | १४४ | ० | ० | २१ | १६५ |
| ९ | रणसुर गुल्म | ६१९ | ० | ४ | ० | ६२३ |
| १० | खानेपानी तथा सरसफाई डि.का. | ८४६ | २ | ५७ | ५४ | ९५९ |
| ११ | जिल्ला शिक्षा कार्यालय | ७६५३ | १२३ | ८ | २४ | ७८०८ |
| १२ | जिल्ला विकास समितिको कार्यालय | ० | ० | ० | ० | ११९७७ |
| १३ | जिल्ला स्वास्थ्य कार्यालय | १२४३ | २ | ३ | २२६ | १४७४ |
| १४ | अस्पताल विकास समिति | ० | ० | ० | ० | ५० |
| १५ | पश्चिम उच्चपहाडी गरिवी नि.आ. | ५४६ | ० | ० | ० | ५४६ |
| | **जम्मा** | **१३७६०** | **३६३** | **१०१** | **५५४** | **२६८०५** |

**लेखापरीक्षण विधिः संक्षिप्त**

| क्र.स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १६ | कालीकोट जिल्ला अदालत | ११८ | ७ | २७ | ० | १५२ |
| १७ | जिल्ला निर्वाचन कार्यालय | ३६ | ० | ० | ० | ३६ |
| १८ | जिल्ला सरकारी वकिल कार्यालय | २८ | ० | ० | ० | २८ |
| १९ | घरेलु तथा साना उद्योग विकास समिति | ६१ | १४ | ६ | ० | ८१ |
| २० | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ४० | ० | ० | ० | ४० |
| २१ | ईलाका प्रहरी कार्यालय,कुमालगाउं | १४६ | ० | ० | ० | १४६ |
| २२ | मालपोत कार्यालय | ४९ | ४ | ५ | २५ | ८३ |
| २३ | नापी कार्यालय | ४७ | १ | ० | ० | ४८ |
| २४ | जिल्ला हुलाक कार्यालय | ३१६ | ५ | ० | २ | ३२३ |
| २५ | जिल्ला प्राविधिक कार्यालय | १५३ | ० | २२ | ० | १७५ |
| २६ | स्थानीय विकास कोषको सचिवालय | ० | ० | ० | ५२ | ५२ |
| २७ | दूर्गम क्षेत्र विकास समिति, कालीकोट | १०३ | ० | ५ | ० | १०८ |
| २८ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | ४४ | ० | ० | ० | ४४ |
| २९ | सिंचाई विकास सवडिभिजन | ११७ | ० | ५ | ० | १२२ |
| | **जम्मा:** | **१२५८** | **३१** | **७०** | **७९** | **१४३८** |
| | **कूल जम्मा** | **१५०१८** | **३९४** | **१७१** | **६३३** | **२८२४३** |

# बेरुजूको स्थिति

(रु हजारमा)

| क्र.स. | कार्यालयको नाम | सूरु बेरुजू | | प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रियाबाट | जम्मा |
| १. | जिल्ला कृषि विकास कार्यालय | १८ | १९६१ | ६ | ० | १२ | १४७१ | ४९० | ० | १९६१ | २१७ | ० | २१७ |
| २. | जिल्ला पशु सेवा कार्यालय | २५ | १६९० | १५ | ८६८ | १० | ३७ | ७८५ | ० | ८२२ | १५ | १७ | ३२ |
| ३. | जिल्ला बन कार्यालय | २५ | १९७ | १९ | ० | ६ | १९७ | ० | ० | १९७ | ० | ० | ० |
| ४. | महिला तथा वालवालिका कार्यालय | १३ | २२४ | १० | ० | ३ | ० | ० | २२४ | २२३ | ३० | ० | ३० |
| ५. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | १२ | १५० | २ | ० | १० | ० | ० | १५० | १५० | ० | ० | ० |
| ६. | जिल्ला शिक्षा कार्यालय | ५५ | १८६७५४ | ३७ | ० | १८ | २०३४ | १८४१०७ | ६१३ | १८६७५४ | ० | ० | ० |
| ७. | जिल्ला विकास समितिको कार्यालय | ९१ | २७२७७० | ५७ | १०१८३ | ३४ | ८८९ | १२७९९७ | १३४४०१ | २६२५८७ | ३८७ | ५२७४ | ५६६१ |
| ८. | जिल्ला स्वास्थ्य कार्यालय | ३३ | ८५०३ | २२ | १९४० | ११ | ५२३ | ५५६३ | ४७७ | ६५६३ | ७ | ० | ७ |
| ९. | अस्पताल विकास समिति | ३ | ० | १ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० |
| १०. | पश्चिम उच्चपहाडी गरिवी निवारण आयोजना | ८ | २९२ | २ | ० | ६ | ३५ | २५७ | ० | २९२ | ० | ० | ० |
| | **जम्मा** | **२८३** | **४७२५४१** | **१७१** | **१२९९१** | **११२** | **५१८६** | **३१९१९९** | **१३५८६५** | **४५९५४९** | **६५६** | **५२९१** | **५९४७** |

**द्रष्टव्य :**

- वेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ ।
- प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन गरी अनुसूचीमा बाँकी दफा कायम गरिएको छ ।

*अनुसूची - ३*

# जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण

| आय | रकम | व्यय | रकम |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी:** | **१३१९८८५३.३९** | **केन्द्रीय वजेटतर्फ** | **४६५५२०८६१.००** |
| सहश्राव्दी विकास कोष | १००६२९.०० | **नेपाल सरकारको अनुदान** | **११८८२३३२५.००** |
| जिविस आन्तरिक कोष (२०३) | ८४३१०७.५० | जि.वि.स. अनुदान (चालु) | ४१५३२३२५.०० |
| धरौटी (ड्रिल्प समेत) | ४५४०१६९.३१ | गा.वि.स. अनुदान (चालु) | ७७२९१०००.०० |
| लघुउद्यम विकास कार्यक्रम | ३९४४.०० | **अन्य कोष खर्च:** | **१५१५००४६.८०** |
| सडक वोर्ड | -६८७४६०.०० | सहश्राव्दी विकास कोष | १००६२९.०० |
| कर्मचारी कल्याण कोष मु.हि.नं. ३३५६ | १५०१०६३.७७ | **जिविस आन्तरिक कोष (च.हि.नं २०३)** | ४०९६०१९.७० |
| कर्मचारी कल्याण कोष मु.हि.नं. ४५१६ | १२००००.०० | कन्टिजेन्सी  (च.हि.न. १५०३) | ३९६६७२६.८० |
| मर्मत संभार कोष (च.हि.नं १५०२) | ३४४१००.०० | धरौटी फिर्ता खर्च (च.हि.नं. १३०१) | २६४९४४२.०० |
| कन्टिन्जेन्सी (च.हि.नं १५०३) | १२१०००७.८० | जाँचपास रकम (च.हि.नं.१३०१) | २३४५०००.०० |
| प्रकोप ब्यवस्थापन कोष (च.हि.नं. १५०४) | ८२०८४५.०० | कर्मचारी कल्याण कोष (च.हि.नं. ३३५६) | १०१०२४.३० |
| मानव संसाधन कोष (च.हि.नं. १५०५) | ६२६१६२.५० | सूचना तथा अभिलेख कोष (१३६८) | ०.०० |
| उर्जा तथा वातावरण संरक्षण कोष | ३२५०००.०० | प्रकोप ब्यवस्थापन कोष (च.हि.नं. १५०४) | ०.०० |
| गरिवी निवारण कोष (१५०७) | ७२८५९.५१ | मानव संसाधन कोष (च.हि.नं. १५०५) | ६०००००.०० |
| महिला तथा वालविकास विशेष कोष | ३०००००.०० | उर्जा तथा वातावरण संरक्षण कोष ( १५०६) | ०.०० |
| सूचना तथा अभिलेख कोष (१३६८) | ७३३४२५.०० | गरिवी निवारण कोष (१५०७) | १२९१२०५.०० |
| जाँचपास तथा फरफारक रकम | २३४५०००.०० | महिला तथा वालविकास विकास कोष | ०.०० |
| **नेपाल सरकारको अनुदान** | **११८८२३३२५.००** | लद्युउद्यम विकास कार्यक्रम | ३९४४.०० |
| जि.वि.स. अनुदान (चालु) | ४१५३२३२५.०० | **केन्द्रीय राजश्व दाखिला** | **०ँ००** |
| गा.वि.स. अनुदान (चालु) | ७७२९१०००.०० | **धरौटी खर्च (च.हि.नं. १३०१)** | **२६४९४४२.००** |
| **आन्तरिक श्रोत:** | **४७६८२००.००** | **मौज्दात:** | **११८९८६८१.५९** |
| कर दस्तुर सेवा शुल्क र भाडा | २२२३२००.०० | जिविस आन्तरिक कोष (च.हि.नं २०३) | १५१५२८७.८० |
| राजश्व वांडफांड | १५८२०००.०० | कन्टिन्जेन्सी (च.हि.नं.१५०३) | ४६७५१८.०० |
| विधुत रोयल्टी | ०.०० | धरौटी (ड्रिल्प समेत) (च.हि.नं.१३०१) | २७०३३५७.४४ |
| जिविस कोषतर्फ | ९६३०००.०० | कर्मचारी कल्याण कोष (१५०१) | ८७०१४.०० |
| **अन्य श्रोत:** | **९०८१६७५.००** | कर्मचारी कल्याण कोष | १४७०५२६.४३ |
| धरौटी (ड्रिल्प समेत) (च.हि.नं. १३०१) | १४८८०८८.५४ | कर्मचारी कल्याण कोष (मु.हि.नं. ४५१६) | ११७००००.०० |
| कर्मचारी कल्याण कोष (च.हि.नं१५०१) | ८७०१४.०० | मर्मत संभार कोष (च.हि.नं १५०२) | ६९४१००.०० |
| कर्मचारी कल्याण कोष (च.हि.नं. ३३५६) | ७०४८५.९६ | सूचना तथा अभिलेख कोष (च.हिनं१३६८) | ७८३४२५.०० |
| कर्मचारी कल्याण कोष (मु.हि.नं. ४५१६) | १०५००००.०० | प्रकोप ब्यवस्थापन कोष (च.हि.नं. १५०४) | १०२०८४५.०० |
| मर्मत संभार कोष (च.हि.नं १५०२) | ३५००००.०० | मानव संसाधन कोष (च.हि.नं. १५०५) | ७९१६२.५५ |
| कन्टिन्जेन्सी (च.हि.नं १५०३) | ३२३३७८९.०० | उर्जा तथा वातावरण संरक्षण कोष ( १५०६) | ३७५०००.०० |
| प्रकोप ब्यवस्थापन कोष (च.हि.नं. १५०४) | २०००००.०० | गरिवी निवारण कोष (१५०७) | १६१९०५.३७ |
| मानव संसाधन विकास कोष | ५००००.०० | महिला तथा वालविकास विशेष कोष (१५०८) | ३५००००.०० |
| उर्जा तथा वातावरण संरक्षण कोष | ५००००.०० | जाँचपास रकम (च.हि.नं.१३०१) | १०२०५४०.०० |
| गरिवी निवारण कोष (१५०७) | १३८१७५७.५० | | |
| महिला तथा वालविकास विकास कोष | ५००००.०० | | |
| सूचना तथा अभिलेख कोष | ५००००.०० | | |
| जाँचपास तथा फरफारक रकम | १०२०५४०.०० | | |
| **केन्द्रिय राजश्व** | **०००** | | |
| **धरौटी आम्दानी:** | **६०२८२५७.८५** | | |
| **आन्तरिकतर्फको जम्मा** | **४८६५४१३३१.५४** | **आन्तरिकतर्फको जम्मा** | **४९२५६९५८९.३९** |
| **केन्द्रीय कार्यक्रमतर्फको आय** | **११८८२३३२५.००** | **केन्द्रीयतर्फको व्यय** | **११८८२३३२५.००** |
| **कुल जम्मा** | **६११३९२९१४.३९** | **कुल जम्मा** | **६११३९२९१४.३९** |

## जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १. | जिल्ला विकास समितिको कार्यालय | श्री टीकाराम ज्ञवाली<br>श्री भोलाप्रसाद चागाई<br>श्री प्रदिपराज अधिकारी | श्री देबकिरण बुढा |
| २. | जिल्ला शिक्षा कार्यालय | श्री घनश्याम पौडेल<br>श्री बाबुराम कारखेती | श्री चित्रबहादुर थापा |
| ३. | जिल्ला कृषि विकास कार्यालय | श्री सुनिलकुमार सिंह | श्री विश्वामित्र उपाध्याय |
| ४. | जिल्ला स्वास्थ्य कार्यालय | श्री शंकर लोहला<br>श्री कौशल अली | श्री हरिबहादुर क्षेत्री |
| ५. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | श्री कुलप्रसाद पौडेल | श्री तेजप्रसाद गौतम |
| ६. | जिल्ला पशु सेवा कार्यालय | श्री महेश राय यादव,<br>डा.ब्रजकिशोर ठाकुर | श्री लक्ष्मीप्रसाद आचार्य |
| ७. | महिला तथा वालवालिका कार्यालय | श्री सीता थापा | श्री मलिम रावत |
| ८. | जिल्ला बन कार्यालय | श्री अचलकुमार ढुंगाना | श्री बमबहादुर नेपाली |
| ९. | पश्चिम उच्चपहाडी गरिवी निवारण आयोजना | श्री टीकाराम ज्ञवाली<br>श्री प्रदिपराज अधिकारी | श्री देबकिरण बुढा |
| १०. | अस्पताल विकास समिति | श्री शंकर लोहला<br>श्री कौशल अली | श्री हरिबहादुर क्षेत्री |

977-1-4258172, 4255707
info@oag.gov.np
Kathmandu, Nepal
977-1-4268309, 4262798
13328
www.oagnep.gov.np